# लेखापरीक्षण प्रतिवेदन

# गुर्भाकोट नगरपालिका, सुर्खेत

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# गुर्भाकोट नगरपालिका, सुर्खेत

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/759

श्रीमान् प्रमुखज्यू,

गुर्भाकोट नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, सुर्खेत ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( टिकाराम श्रेष्ठ )

नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/759

श्रीमान् प्रमुखज्यू,

गुर्भाकोट नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,सुर्खेत।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस गुर्भाकोट नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. गुर्भाकोट नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गुर्भाकोट नगरपालिकाको रु.१ अर्ब ८३ करोड ४५ लाख १४ हजार लेखापरिक्षण गरिएकोमा लेखापरीक्षणबाट रु. १ करोड १८ लाख ८४ हजार बेरुजू देखिएको छ। प्रतिक्रिया प्राप्त नभएकाले, असुल गर्नुपर्ने रु ३ लाख ६३ हजार , प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ लाख ४७ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ९ लाख ८७ हजार र पेश्की बाँकी रु. ८८ हजार गरी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. १९ करोड ४७ लाख १२ हजार मध्ये रु. ९ लाख ७९ हजार फर्स्यौट भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु. २० करोड ५६ लाख १७ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गुर्भाकोट नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।


**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत गुर्भाकोट नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( टिकाराम श्रेष्ठ )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६४ | ४१ | १,१८,८४,४६३ | ० | ० | ० | ० | ६४ | ४१ | १,१८,८४,४६३ | ३,६२,९३८ | १,०९,८६,६४७ | ४,४६,७०८ | ० | ० | १,१४,३३,३५५ | ८८,१७० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सुर्खेत | १९,४७,११,५०२ | | ९,७९,१७७ | १९,३७,३२,३२५ | ० | १,१८,८४,४६३ | २०,५६,१६,७८८ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | विभिन्न | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP2 ) | २,९०,४१० |
| २ | २०७९/८० | विभिन्न | आन्तरीक लेखापरीक्षण व्यहोरा | १,५३,३१० |
| ३ | २०७८/७९ | विभिन्न | स्वकीय सचिव र सल्लाहकार | २,४०,००० |
| ४ | २०७७/७८ | विभिन्न | बिल भरपाई वेगर भुक्तानी | ६५,००० |
| ५ | २०७७/७८ | विभिन्न | नगरपालिका पुजीगतः | २,३०,४५७ |
| जम्मा | | | | ९,७९,१७७ |

# गुर्भाकोट नगरपालिका, सुर्खेत

# ( ८०६६८४०१३०० )

# गुर्भाकोट नगरपालिका , सुर्खेत

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** -स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिका को स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १४ वडा, ७५ सभा सदस्य २२८.६० वर्ग किलोमिटर क्षेत्रफल तथा ४८ हजार २ सय १६ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०९।२० देखि २०८२।१०।२९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाको यस वर्ष आय व्ययतर्फ रु. १ अर्ब ८३ करोड ४५ लाख १४ हजार १३१।९७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु** - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ११ लाख ३ हजार ४५७ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | भौ.नं.९२१६०६११ मिति २०८२/०९/३० इन्टरनेट वापतको असुली | १८३० |
| २ | भौ.नं.९१७५७८३२ मिति २०८२/०९/25 दिवाखाजा भालुखोलाको असुली | ३०६० |
| ३ | भौ.नं.९२०४५६६७ मिति २०८२/०९/२९ नमुना शैक्षिक तथा व्यवस्थापकिय अनुदान उपचारात्मक कक्षा सञ्चालन भत्ता असुली | ४०५०० |
| ४ | भौ.नं.९२०४६७५५ मिति २०८२/०९/२९ प्राविधिक धार प्रशिक्षक अनुगमन भत्ता असुली | ६००० |
| ५ | विभिन्न भौचर,मिति २०८२/१०/२६ मा शिक्षक दोहोरो सुविधा असुली | ७८४०० |
| ६ | रसिद नं ९५१ मिति २०८२/१०/२६ मा सहकारी भवन निर्माण बढी भुक्तानी | २५१९२ |
| ७ | बैठक भत्ता असुली भौ.नं.७५७९२२१३६ मिति २०८२/११/०५ राष्ट्रिय बाणिज्य बैंक | ५१०० |
| ८ | अनुगमन बैठक भत्ता असुली भौ.नं.७५७९२२१४१ मिति २०८२/११/०५ राष्ट्रिय बाणिज्य बैंक | १४८७५ |
| ९ | पदाधिकारी बैठक भत्ता असुली भौ.नं.७५७९२२१५६ मिति २०८२/११/०५ राष्ट्रिय बाणिज्य बैंक | २१२५० |
| १० | बैठक भत्ता असुली भौ.नं.७५७९२२१६५ मिति २०८२/११/०५ राष्ट्रिय बाणिज्य बैंक | ४८९६० |
| ११ | बैठक भत्ता असुली भौ.नं.७५७९२२१८१ मिति २०८२/११/०५ राष्ट्रिय बाणिज्य बैंक | ३९८६५ |
| १२ | बैठक भत्ता असुली भौ.नं.७५७९२२१७९ मिति २०८२/११/०५ राष्ट्रिय बाणिज्य बैंक | ८५०० |
| १३ | बैठक भत्ता असुली भौ.नं.७५७९२२१९७ मिति २०८२/११/०५ राष्ट्रिय बाणिज्य बैंक | ६८०८५ |
| १४ | योजनामा ट्याक कोट को बढी भुक्तानी भएको दाखिला भौ.नं.९०००४२०४१२ मिति २०८२/११/०५ राष्ट्रिय बाणिज्य बैंक | ६११२६० |
| १५ | योजनामा ट्याक कोट को बढी भुक्तानी भएको दाखिला भौ.नं.९०००५६२०१६ मिति २०८२/११/०५ राष्ट्रिय बाणिज्य बैंक | १३०५८० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ **स्थानीय संचित कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०८१। ८२ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

२.१ **एकीकृत वित्तीय विवरण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी, धरौटी, कार्य सञ्चालन कोष, अन्तर सरकारी अख्तियारी, स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०८१/०८२ को समग्र अवस्था र प्राप्ती एवं भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छ।

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| सुरु मौज्दात | | ६१३९९३०१.३३ | चालु खर्च | | ४६९०८७९४४.०५ |
| १. संचित कोष | ४८०५३३४९.४३ | | १. पालिका तर्फ | १४८७४२२५४.२६ | |
| २.धरौटी | ५१६६८८१ | | २. संघीय सशर्त | ३१२१०९७६३.६९ | |
| ३.विविध खर्च खाता | ३८२५७९५.९ | | ३. संघीय विशेष | ० | |
| ४.प्रकोब व्यवस्थापन खाता | ६०४४५ | | ४. प्रदेश सशर्त | २९२३४२७ | |
| ५.विभाज्य कोष खाता | १०००००० | | ५. प्रदेश विशेष | ५३१२४९९ | |
| ६.विविध कोष खाता | ८६१९१४ | | पुँजीगत खर्च | | १८७३२८८७५ |
| ७ आकस्मिक कोष खाता | २४३०९१६ | | १. पालिका तर्फ | १४७४९६४१६ | |
| ८. अन्य कोष | | | २. संघीय सशर्त | ० | |
| यस वर्षको आय | | १८९११०७६ | ३. संघीय विशेष | ० | |
| १.आन्तरिक आय | १४४५१२०२ | | ४. संघीय समपुरक | २१६५७७६ | |
| २.दहतर बहतर | ४४५९८७४ | | ५. प्रदेश सशर्त | २९६२२५८५ | |
| २. वित्तीय हस्तान्तरण (संघ) | | ५९५३३५७४८ | ६. प्रदेश विशेष | ० | |
| क) समानीकरण अनुदान | १२०९३९६८० | | ७. प्रदेश समपुरक | ८०४४०९८ | |
| ख) राजस्व बाँडफाँट | १२१७६६३८६.८८ | | अन्तर सरकारी अख्तियारी (संघ) | | २०१५२९१३३.३२ |
| ग) सशर्त अनुदान | ३४०१६३५२६ | | क) सामाजिक सुरक्षा | १९८८१९१३३.३२ | |
| घ) समपुरक अनुदान | २४४४२०९ | | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २७१०००० | |
| ङ) विशेष अनुदान | ० | | अन्तर सरकारी अख्तियारी (प्रदेश) | | ७९२००० |
| च) रोयल्टी | ० | | क) आन्तरिक मामिला तथा कानून मन्त्रालय | ७९२००० | |
| छ) घर जग्गा रजिष्ट्रेशन | १००२१९४६.६ | | ऋण फिर्ता(साँवा) | | |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | | ७९५७०२६०.६५ | ऋणको ब्याज भुक्तानी | | |
| क) समानीकरण अनुदान | १५६७२००० | | धरौटी फिर्ता तथा सदर स्याहा | १५९३४०० | १५९३४०० |
| ख) राजस्व बाँडफाँट | ३४४०७०९.६५ | | कार्यसञ्चालन कोषबाट भएको खर्च | | १३४५९९७१ |
| ग) सशर्त अनुदान | ४६८२२५२१ | | क) विविध खर्च खाता | १३४५९९७१ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कोष | | |
| घ) समपुरक अनुदान | ८३२२५३१ | | गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | |
| ङ) विशेष अनुदान | ५३१२४९९ | | अन्य सहयोगमा सञ्चालित योजना | | |
| च) रोयल्टी | ० | | अनुदान फिर्ता | | |
| छ) अन्य | | | १. संघ तर्फ | | २८३०१६१९.३१ |
| ४. अन्तर सरकारी अख्तियारी (संघ) | | २०१५२९१३३.३२ | क) सशर्त अनुदान | २८०२३१८६.३१ | |
| क) सामाजिक सुरक्षा | १९८८१९१३३.३२ | | ख) विशेष अनुदान | ० | |
| ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २७१०००० | | ग) समपुरक अनुदान | २७८४३३ | |
| ५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | | ७९२००० | २. प्रदेश तर्फ | | १४८१७८०१ |
| क) आन्तरिक मामिला तथा कानून मन्त्रालय | ७९२००० | | क) सशर्त अनुदान | १४२६५५९ | |
| ६. ऋण/ वित्तीय व्यवस्था | | | ख) विशेष अनुदान | ० | |
| ७. धरौटी आय | २६६२८६१ | २६६२८६१ | ग) समपुरक अनुदान | ५५२२९२ | |
| ८. कार्यसञ्चालन कोष आय | | १४२२१४९९.२८ | अन्तिम मौज्दात | | ६२०९१९४५.३४ |
| क विविध खर्च खाता कोष | १४२२१४९९ | | १. संचित कोषको मौज्दात | ४९१३२८७४.५६ | |
| १०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | | २. धरौटी | ६२३६३४२ | |
| ११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | | | ३. विविध खर्च खाता कोष | १०८८७६३.५ | |
| १२. अन्य आय भएमा | ४५८०८०८.८ | ४५८०८०८.८ | ४.विभाज्य कोष | ४८११९९२ | |
| | | | ५.प्रकोप व्यवस्थापन कोष | ६०४४५ | |
| | | | ६. आकस्मिक कोष | २४३०९१६ | |
| | | | ७. अन्यकोष | ७६१५२८.२८ | |
| जम्मा | ९७९००२६८९.३२ | ९७९००२६८९.३२ | जम्मा | ९७९००२६८९.३२ | ९७९००२६८९.३२ |

पालिकाले प्राप्ती एवं भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) बमोजिम कट्टी दाखिला बाँकी रु.३०,५७६/- भौ. नं ३ मिति २०८२/०५/१८ मा दाखिला गरेको छ।

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १९,८८,१९,१३३.३२ /-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २७,१०,०००/- र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. ७,९२,०००/- समेत गरी रु. २०,२३,२१,१३३.३२/- सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाव** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको मौज्दात रु. १,३७,२९,८९६.२३/-, यस वर्षको प्राप्ति रु. २६,६१,७२,७२९.८५/-, यस वर्षको भुक्तानी रु. २६,०४,९३,९२४.९३/- र बाँकी मौज्दात रु. २,३७,१३,४९६.९२/-, फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षकोप्राप्ति (आय) | यसवर्षकोभुक्तानी (व्यय) | बाँकी मौज्दात |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | ६१३९९३०१.३३ | ९१७६०३३८७.९९ | ९१६९१०७४३.९८ | ६२०९१९४५.३४ |
| सुत्र अनुसारको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ७५१२९१९७.५६ | ६५१४३०६५८.१४ | ६५६४१६८१९.०५ | ८५८०५४४२.२६ |
| **फरक** | **(१३७२९८९६.२३)** | **२६६१७२७२९.८५** | **२६०४९३९२४.९३** | **(२३७१३४९६.९२)** |

२.४ **बैङ्क हिसाव विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाको वित्तीय विवरण अनुसार श्रेस्ता र बैङ्क मौज्दात विवरण देहाय अनुसार रहेको छ ।

| क.सं. | खाताकोनाम | श्रेस्ताअनुसार बाँकी रु. | बैंकस्टेटमेण्ट अनुसार बाँकी रु. | फरक |
|---|---|---|---|---|
| १ | सञ्चित कोष | ५००७६०३२.७५ | ४९१३२८७४.५६ | ९४३१५८.१९ |
| २ | चालु खाता | ० | ० | ० |
| ३ | पूँजीगत खाता | ० | ० | ० |
| ४ | मर्मत खाता | ० | ० | ० |
| ५ | कल्याण कोष खाता | ० | ० | ० |
| ६ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ६०४४५ | ६०४४५ | ० |
| ७ | स्थानीय तह आकस्मिक कोष | २४३०९१६ | २४३०९१६ | ० |
| ८ | धरौटी कोष | ६२३६३४२ | ६२३६३४२ | ० |
| ९ | स्थानीय तह विविध कोष खाता | १०८८७६३.५ | १०९१७६३.५ | ३००० |
| १० | विभाज्य कोष | ४८११९९२ | ४८११९९२ | ० |
| ११ | विविध खर्च खाता | ६६१५२८.२८ | ६६१५२८.२८ | ० |
| **जम्मा** | | **६५३६६०१९.५३** | **६४४२५८६१.३४** | **९४०१५८.१९** |

पालिकाले संघीय सरकारबाट प्राप्त राजश्व बाँडफाँट रकम रु.९,४३,१५८.१९ उधारो आम्दानी बाँधिएकोले फरक परेको देखिन्छ।अत पालिकाले राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार हिसाब मिलान गर्नुपर्दछ।

२.५ **सशर्त अनुदान फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार संघीय तथा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको सशर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार संघीय अनुदान तर्फ रु.२,८३,०१,६१९/३१ र प्रदेश अनुदान तर्फ रु.२३,९७,७८१ खर्च नभई बाँकी रहेकोमा पालिकाले मिति २०८२।०३।३१ मा संघ तर्फ रु. २,८२,७१,०४३/३१ र प्रदेश तर्फ रु.२३,९७,७८१/- सञ्चित कोष फिर्ता गरेको छ । संघ तर्फको बाँकी रु. ३०,५७६/- भौ.नं र मिति ३/२०८२/०५/१८ मा फिर्ता गरेको छ। पालिकाले अनुदानको रकम समयमा फिर्ता गर्नुपर्दछ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्ति रकम | खर्च रकम | खर्च नभई बाँकी | फिर्ता रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | सशर्त चालु | ३४०१३२९५० | ३१२१०९७६३.६९ | २८०२३१८६.३१ | |
| | समपूरक अनुदान | २४४४२०९ | २१६५७७६ | २७८४३३ | |
| **जम्मा** | | **३४२५७७१५९** | **३१४२७५५३९.६९** | **२८३०१६१९.३१** | **२८३०१६१९.३१** |
| प्रदेश सरकार | सशर्त चालु | ३६०४००० | २९२३४२७ | ६८०५७३ | |
| | सशर्त पुंजीगत | ३०१००००० | २९६२२५८५ | ४७७४१५ | |
| | विषेश अनुदान | ६०००००० | ५३१२४९९ | ६८७५०१ | |
| | समपुरक अनुदान | ८५९६३९० | ८०४४०९८ | ५५२२९२ | |
| **जम्मा** | | **४८३००३९०** | **४५९०२६०९** | **२३९७७८१** | **२३९७७८१** |
| **कुल जम्मा** | | **३९०८७७५४९** | **३६०१७८१४८.६९** | **३०६९९४००.३१** | **३०६९९४००.३१** |

२.६

**बजेट पेश पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८१/३/१० मा रु. ७४ करोड ३४ लाख ८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१/०३/२७ मा पारित भएको छ । यसैगरी पालिकाका प्रमुखले मिति २०८१/०४ /०२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ऐनले तोकेको समय भित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरी बजेट कार्यान्वयन गरिनु पर्दछ ।

२.७ **खर्च बिश्लेषण** - नगरपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. १,४४,५१,२०२/- राजस्व बाँडफाँटबाट रु. १३,९६,८८,९१७/- र अनुदानबाट रु. ४९,६८,२०,४०४/- समेत रु.५४,६४,८८,२१४ /- आम्दानी भएकोमा गत वर्षको मौज्दात समेतबाट चालु तर्फ रु. ४६,९०,८७,९४४/- र पूँजिगत तर्फ रु. १८,७३,२८,८७५ /- समेत रु. ६५,६४,१६,८१९/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.२० प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू. १ करोड ३८ लाख ४६ हजार खर्च भएको छ जुन आन्तरिक आयको ९५.८१ प्रतिशत रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७१.४६ प्रतिशत चालु र २८.५४ प्रतिशत पूँजिगत खर्च भएको देखिन्छ । यसबाट नगरपालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ३ योजना तथा वजेट कार्यान्वयन

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ ले बार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस नगरपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १८ करोड ७३ लाख २८ हजार पूँजीगत खर्च गरेको छ । तर नगरपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. ९ करोड ७६ लाख ४२ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा १३.१३ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण नगरपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ नगरपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

## ४ त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले त्रैमासिक प्रगती विवरण तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त त्रैमासिक खर्चको विवरण अनुसार कुल पुँजीगत खर्च रु. १८ करोड ७२ लाख मध्ये प्रथम त्रैमासिकमा २.३९ प्रतिशत, दोश्रो त्रैमासिकमा ५.७४ प्रतिशत, तेश्रो त्रैमासिकमा १९.८६

प्रतिशत र चौथो त्रैमासिकमा ७२.०४ प्रतिशत खर्च गरेको छ भने असार महिनामा मात्र ५१.८२ प्रतिशत खर्च गरेको छ । कार्यान्वयनमा रहेका सबै योजनाहरुको निर्माण कार्य कार्यतालिका अनुरुप कार्य गराउन नसक्दा आर्थिक वर्षको अन्त्यतिर खर्चको भार परेको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा हतारमा काम गराउँदा कामको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी गुणस्तर कायम गर्न समेत कठिनाइ पर्ने भएकोले समयमै निर्माण कार्य गराई खर्च गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ ।

| खर्चविवरण | कुल खर्च | | खर्च (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| पूँजीगत खर्च | १८७२४१ | ४४८९ | १०७५६ | ३७१८९ | १३४८९४ | ९७०३९ |
| खर्च प्रतिशत | १०० | २.३९ | ५.७४ | १९.८६ | ७२.०४ | ५१.८२ |

५ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तह विनियोजन ऐन, २०८१ बमोजिम क्षेत्रगत विनियोजन गरी सन्तुलित रुपले खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र/ उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५५९३७००० | ४७८९३९६६ | ८५.६२ |
| २ | सामाजिक विकास | ४२३२८४५०० | ३८८७१२९०४.२९ | ९१.८३ |
| ३ | पूर्वाधार विकास | १०७३९४३५१ | ८४५२६३४८ | ७८.७ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ९३७४००० | ७८०८१५९ | ८३.३ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १४२२१८५३० | १२५३०९६६५.७६ | ८८.११ |
| **कुलजम्मा** | | **७३८२०८३८१** | **६५४२५१०४३.०५** | **८८.६२** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये ८८.६२ प्रतिशत खर्च भएको छ । क्षेत्रगतरुपमा हेर्दा सबै भन्दा बढी सामाजिक विकास क्षेत्रमा ९१.८३ र कम पूर्वाधार विकासमा ७८.७० प्रतिशत बजेट खर्च भएको देखिन्छ ।

६ **योजनाको प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी, दीगो विकास र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार कुल ३०६ योजनामा वजेट विनियोजन गरेको छ।

| १ लाख सम्मको | | १ देखि ५ लाख सम्मको | | ५ देखि १० लाख सम्मको | | १० देखि २० लाख सम्मको | | २० लाखभन्दा माथी | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १०३ | ७५८६ | १५० | ४००९४ | ३४ | २२६०२ | १० | २०१६४ | ९ | २०६५१ | ३०६ | १११०९७ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिको खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

७ **चौमासिक प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने, स्थानीय सञ्चित कोषमा भएको आय–व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था बमोजिम प्रतिवेदन गरेको देखिएन । ऐनको व्यवस्थाको पालना हुनुपर्दछ ।

## ८ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । पालिकाले ऐनमा भएको व्यवस्था अनुसार समिति गठन गरेको छैन । समिति गठन नगरिँदा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## ९ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्थानीयतहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी कार्य समयमा गरेको छैन । अत: बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## १० स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

## ११ सम्पत्ति व्यवस्थापन र सुरक्षा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसामान अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार गरी प्रतिवेदन गर्नुपर्दछ । पालिकाले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको छैन। यसमा सुधार हुनु पर्दछ ।

## १२ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।०८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । तर पालिकाले कानुनमा भएको व्यवस्था वमोजिम त्यस्तो प्रणाली तयार गरी लागु गरेको देखिएन । पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धमा देखिएका केही बेहोराहरु देहाय बमोजिम रहेका छन:

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरी प्रगतिको समिक्षा गरेको पाईएन,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तथा शहरीकरण भैरहेका स्थानलाई मध्यनजर गरी फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन,

• भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरूको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गर्ने गरेको र भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको तथा भ्रमण अभिलेख खाता पूर्ण रूपमा लागू गरेको पाईएन,

• स्थानीय तहले अधिकांस निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,

• सवारी साधन र मेशिनरी औजारको अभिलेखका लागि मलेप फारामको व्यवस्था छ । म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक अद्यावधिक गर्नु पर्ने र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस्ता अभिलेख अध्यावधिक गरी राखेको छैन । म .ले.प फारमले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दति लागु गर्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने तथा अनुगमनको व्यहोरा कार्यान्वयनको अवस्था मुल्याङ्कन गरेको पाइएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख तयार गरेको देखिएन,

• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता तयार गरेको देखिएन,

• पालिकाले पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख राखेको देखिएन, त्यसले गर्दा एकै स्थानमा दोहोरो पर्ने गरी मर्मत कार्य भए नभएको यकिन गर्न सकिएन,

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई प्रदान गरेको पाईएन,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख तयार गरेको देखिएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश: पालना

भएको पाईएन,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• म.ले.प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरूप बेरूजुको अभिलेख तयार गरेको देखिएन,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फछ्र्योट तथा सम्परीक्षण कार्य गरेको देखिएन,

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्नुपर्नेमा अमानतवाट सङ्कलन गरेको नगद राजस्व असुली गरी निश्चित अवधि पश्चात् मात्र वैङ्क दाखिला गर्ने गरेको देखियो । सवै कारोवार वैङ्किक प्रणाली मार्फत संङ्कलन गरेको देखिएन,

• उपभोक्ता समितिहरू स्थायी लेखा नम्वर (PAN) मा आंशिक दर्ता भएको तथा विजक जारी गरेको पाईएन,

• अनुदान वितरण गर्दा लाभग्राही छनौटको मापदण्ड लागत साझेदारीको मापदण्ड तय गरेको पाईएन,

• कुनै रकम भुक्तानी गर्दा सम्वन्धित शाखावाट भुक्तानीको सिफारीस पत्र (म.ले.प.फा.नं. २०२ ) प्राप्त भए पश्चात मात्र भुक्तानी गर्नुपर्नेमा उक्त व्यवस्थाको पालना भएको देखिएन

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• निजामती सेवा ऐन, २०४९ बमोजिम यस पालिकाकामा कार्यरत ७८ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक योजना तयार भएतापनी सो कार्यान्वियनका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन ।

अत: पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीको तयार गरी प्रभावकारी रुपमा कार्यान्वियन गर्नुपर्दछ ।

## १३ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## १४ ऐनको कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(७) मा नगरपालिकाले नगरसभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८ (५) मा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ।यस नगरपालिकाले कतिपय कार्यक्रम नगरसभाबाट स्वीकृत भन्दा नगरकार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो।नगरपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन।यसबाट नगरसभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन। नगरपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ।

## १५ न्यायिक समितिको कार्यसम्पादन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा स्थानीयतहमा एक न्यायिक समिति गठन हुने व्यवस्था छ । त्यस्तै दफा ५३ मा त्यसरी गठन भएको न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार न्यायिक समितिमा गत वर्ष बाँकी रहेका ५ र यस वर्ष दर्ता भएका ६ गरी जम्मा ११ वटा उजुरी मुद्दा दर्ता भएकोमा ५ वटा उजुरी फर्छयौट भई ६ वटा बाँकी रहेको देखिन्छ । त्यस्तै नियम ५३ बमोजिमको न्यायीक समितिले बार्षिक प्रतिवेदन सभा समक्ष पेश गरेको छैन । अत: ऐनमा भएको व्यवस्थाको पूर्ण पालना हुनुपर्दछ ।

### १६ सेवा प्रवाहको स्थिति

सेवा प्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ। यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ । पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सुधार गरी कार्यान्वियन गर्नु पर्ने देखिन्छ।

| विवरण | निवेदनदर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १४ | १४ |
| जन्मदर्ता | १२५७ | १२५७ |
| मृत्युदर्ता | ३४३ | ३४३ |
| बसाईसराई दर्ता | २२९ | २२९ |
| विवाह दर्ता | ५२६ | ५२६ |
| सम्वन्ध विच्छेद | ७५ | ७५ |
| पूर्वाधार विकास सडक निर्माण | ५ कि मि | ५ कि मि |
| कालोपत्रे सडक निर्माण | १५८५ मिटर | १५८५ मिटर |
| कालोपत्रे सडक मर्मत | ० | 0 |
| ग्राभेल सडक निर्माण | ७ कि मि | ७ कि मि |
| ग्राभेल सडक मर्मत | ३०० मिटर | ३०० मिटर |

### १७ कानून तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । पालिकाले हालसम्म ऐन १८, नियमावली ७, कार्यविधि ५३ र निर्देशिका ११ गरी जम्मा ८९ वटा कानून निर्माण गरेको विवरण प्राप्त भएको छ । स्थानीय सरकार सञ्चालन ऐनको परिधिभित्र रही पालिकाले कानुन कार्यान्वियन गर्नु पर्दछ ।

### १८ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ७(१) बमोजिम दरबन्दी पदपूर्ति हुनुपर्ने व्यवस्था छ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार प्रमुख प्रशासकीय अधिकृत सहित ८६ जनाको स्थायी दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म स्थायी र करार समेत ५८ जना पदपूर्ति भएको देखिन्छ ।

| क्र.सं. | स्वीकृत पद | स्वीकृत दरबन्दी | पदपूर्ति | | | | रिक्त पद | पदपूर्तिको लागि लोक सेवा आयोग लेखि पठाएको |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघीय सरकारबाट सरुवा | साविकस्थानीय निकायमा कार्यरत | आन्तरिकपदपूर्ति(करार) | जम्मापदपूर्ति | | |
| १ | प्रमुखप्रशासकीय अधिकृत | १ | | | | १ | | |
| २ | अधिकृतशिक्षा(९/१०) | १ | | | | | १ | |
| ३ | सि.डि.ई.(९/१०) | १ | | | | | १ | |
| ४ | अधिकृतसा.प्र.(७/ ८) | १ | | | | १ | | |
| ५ | लेखाअधिकृत(७/८) | १ | | | | | १ | |
| ६ | ज.स्वा.नि.(७/ ८) | १ | | | | | १ | माग गरेको |
| ७ | अधिकृतशिक्षा(७/८) | १ | | | | १ | | |
| ८ | इन्जिनियर(७/८) | १ | | | | १ | | |
| ९ | अधिकृतछैठौ | २ | | | | | २ | |
| १० | आ.ले.प.अधिकृत | १ | | | | | १ | |
| ११ | प.हे.न.(५/६) | १ | | | | १ | | |
| १२ | हे.अ. | १ | | | | | १ | |
| १३ | सहायकप्रशासन (५) | ११ | | | | ११ | | |
| १४ | लेखापाल | १ | | | | १ | | |
| १५ | क.अ.(४) | १ | | १ | | १ | | |
| १६ | प्रा.स.(शिक्षा) | १ | | | | १ | | |
| १७ | स.इ. | ८ | | २ | २ | ७ | १ | |
| १८ | म.वि.नि. | १ | १ | | | १ | | |
| १९ | अमिन | १ | | | | १ | | |
| २० | सहायकचौथो | १० | | ४ | | ६ | ० | |
| २१ | स.ले.पा. | १ | | | | १ | ० | |
| २२ | अ.स.ई. | ८ | | ४ | | ६ | | |
| २३ | स.म.वि.नि | १ | २ | | | २ | | |
| २४ | कृषिअधिकृत(७/८) | १ | | | | | १ | |
| २५ | भेटिनरिअ.(७/८) | १ | | | | १ | | |
| २६ | प्रा.स.कृषि(५/६) | २ | | | | २ | | |
| २७ | ना.प्रा.स.भे.(५/६) | ३ | २ | | | २ | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २८ | ना.प्रा.स.कृषि(४) | १ | | | | १ | | |
| २९ | ना.प्रा.स.भे.(४) | ४ | १ | | ३ | ४ | | |
| | **जम्मा** | **६९** | **६** | **११** | **५** | **५३** | **११** | |

**प्राविधिक कर्मचारी पदपूर्ती अवस्था:**

| **क्र.सं** | **पद/ तह** | **आईटी** | **स्वास्थ्य** | **कृषी** | **पशु** | **वन** | **ईन्जिनियर** | **शिक्षा** | **नापी** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अधीकृत आठौ | ० | ० | ० | ० | ० | ० | १ | ० | **१** |
| २ | अधीकृत सातौ | ० | २ | १ | १ | ० | १ | ० | ० | **६** |
| ३ | अधिकृत छैटौं | ० | १८ | २ | १ | ० | १ | १ | ० | **२३** |
| ४ | सहायक पाँचौं | | १० | १ | ३ | ० | ३ | ० | ० | **१७** |
| ५ | सहायक चौथो | ० | ० | ० | ० | ० | ३ | ० | १ | **४** |

१९ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन ।पालिकाले देहायका ८ पद/तहमा कर्मचारी करारमा राखी यस वर्ष रु.९२,७०,९८४/- भुक्तानी गरेको पाइयो।कार्यबोझको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी कानुन बमोजिम पारदर्शी हिसाबले कर्मचारी नियुक्ती गरी तलब भत्ता खर्च लेख्नुपर्नेमा पालिकाले सो अनुसार गरेको पाइएन । ऐनको व्यवस्था विपरित करारमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| **क्र.सं** | **पद तह** | **संख्या** | **रकम** |
|---|---|---|---|
| १ | सहायक चौथो प्रशासन | ३ | १३१३१७८ |
| २ | अ.स.ई. | ४ | १७५०९०४ |
| ३ | स.ई. | ३ | १३५४४७० |
| ४ | सहायक कम्प्युटर अपरेटर | २ | ८७५४४२ |
| ५ | नाप्रस कृंषि पशु | ६ | २२१२८०० |
| ६ | सर्वेक्षक | १ | ४६१४९० |
| ७ | न्यायिक सहायक | १ | २८६००० |
| ८ | ल्याव असिस्टेन्ट | ३ | १०१६७०० |
| **जम्मा** | | **२३** | **९२७०९८४** |

| | |
|---|---|
| अनियमित भएको | ९२,७०,९८४ |

२० **आयको अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ बिभिन्न शीर्षकमा अनुमानित रु. १ करोड ३१ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा रु. १ करोड ४४ लाख ५१ हजार (१०९.९२ प्रतिशत) प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ ध्यान दिन आवश्यक देखिएको छ ।

| क्र.सं. | प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी |
|---|---|---|---|
| १ | ११३१३ - सम्पती कर | ११००००० | ३००२८२३.९ |
| २ | ११३१४ - भुमिकर/ मालपोत | १०००००० | ८१४५२.२५ |
| ३ | ११३१७ - वहाल कर | १२००००० | १२९२७१४.७२ |
| ४ | ११३१८ - वहाल विटौरी कर | ० | १११६०० |
| ५ | ११४५१ - सवारी साधन कर (साना सवारी) | २००००० | ६१४६० |
| ६ | ११४७९ - अन्य मनोरञ्जन कर | ५००००० | ० |
| ७ | ११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १००००० | २४११९६.८ |
| ८ | ११६९१ - अन्य कर | १००००० | २२१९० |
| ९ | १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्तआय | ६००००० | ४५९३४४ |
| १० | १४१९१ - पर्यटन शुल्क | ० | १४००० |
| ११ | १४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम | १००००० | ० |
| १२ | १४२१८ - विद्युत सेवा शुल्क | ० | ११७०० |
| १३ | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ५०००० | १२०० |
| १४ | १४२२१ - न्यायिक दस्तूर | ० | ११९०० |
| १५ | १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | १५०००० | ८६२०० |
| १६ | १४२२४ - परीक्षा शुल्क | ० | ३००० |
| १७ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ३००००० | ३९७१८३ |
| १८ | १४२४२ - नक्सापास दस्तुर | ५००००० | ४०६४९०.१९ |
| १९ | १४२४३ - सिफारिश दस्तुर | ४०००००० | ३७६१९४७.०६ |
| २० | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ६००००० | ५८१३०० |
| २१ | १४२४५ - नाता प्रमाणित दस्तुर | २००००० | २१५००० |
| २२ | १४२४९ - अन्य दस्तुर | २५०००० | १९९६०२ |
| २३ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | २५०००० | २४८५७५ |
| २४ | १४२६२ - विद्युत सम्बन्धी दस्तुर | ० | ६००० |
| २५ | १४२६३ - जलस्रोत सम्बन्धी अन्य दस्तुर | ५०००० | १२५०० |
| २६ | १४२६५ - अन्य क्षेत्रको आय | ८००००० | १८२० |
| २७ | १४३११ - न्यायिक दण्ड, जरिवाना र जफत | २५००० | ४०० |
| २८ | १४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत | ५०००० | ३५५००० |
| २९ | १४५२९ - अन्य राजस्व | ० | १६६२०४.२ |
| ३० | १४६११ - व्यवसाय कर | १०००००० | ८३४६०० |

| | | | |
|---|---|---|---|
| ३१ | १५१११ - बेरूजू | ० | १८६१२४९.०४ |
| ३२ | ३२१२१ - नगद | ० | २५५० |
| **जम्मा** | | **१३१२५०००** | **१४४५१२०२.१६** |

२१ **सहकारी संस्थाको नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्र दर्ता भएका ६४ सहकारी संस्थाहरू मध्ये एकीकृत सूचना व्यवस्थापन प्रणालीमा (COPOMIS) १५ वटाले विवरण दाखिला गरेको तथा ४९ वटाले विवरण दाखिला नगरेको पाईयो। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । दर्ता भएका सहकारी संस्था निस्कृय रही त्यस्ता संस्थाको कारोबार तथा दायित्वको शुक्ष्म मूल्याङ्कन गरेर नागरिकको पुँजी तथा बचत सुरक्षा गर्न अनुगमन गरी आवश्यक परेमा कानून बमोजिमको कारवाही प्रकृया अगाडी बढाई ऐनमा भएका प्रावधान लागू गराउनेतर्फ पालिका क्रियाशील हुनुपर्ने देखिन्छ।

२२ **म.ले.प. फारमहरूको प्रयोग**

साविकमा रहेका म.ले.प. फारमहरूको सट्टा नयाँ म.ले.प. नम्बरहरू २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरू जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख, सवारी साधन तथा मेशिन प्रयोगको लगबुक, रसिद नियन्त्रण खाता, भ्रमण प्रतिवेदन आंशिक रुपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।

२३ **अनुदानको अनुगमन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(५) मा लक्ष्य अनुसारको खर्च, लेखापरीक्षण र कार्यक्रमको अनुगमन गरी वार्षिक प्रतिवेदन तयार गरी अनुदानको वितरण वेभसाइटमा राख्नुपर्ने व्यवस्था छ।पालिकाले कृषितर्फ तथा पशुतर्फ कृषकको योगदान सहित रु. १ करोड ५६ लाख ८० हजार अनुदान खर्च लेखेको छ।पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन।साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन।तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

| कार्यक्रमको नाम | लाभग्रही संख्या | रकम रु. |
|---|---|---|
| **कृषि तर्फ** | | |
| ५० % अनुदानमा कृषि यन्त्रिकरण मिनिटिलर वितरण १२३ थान | ९० वटा समूह सहकारी मार्फत १२३ घरधुरी | ३५०००० |
| ५० % अनुदानमा च्याउको वीउ वितरण १६६० पोका | २१० घरधुरी | १००००० |
| ५० % अनुदानमा फलफूलको विरुवा वितरण आप लिचि र कागति | | २५३८७५ |
| ५० % अनुदानमा हाइव्रीड तरकारीको वीउ वितरण ७७४ प्याकेट | ५०० घरधुरी | ४००००० |
| ५० % अनुदानमा धान , गहु र मकैको वीउ वितरण १३२ क्वीन्टल | ५५ वटा समूह सहकारी लावन्वित | १५०००० |
| रोग कीरा नियन्त्रणका लागि निशुल्क विषादी वितरण | ३७० घरधुरी लावान्वित | ३००००० |
| निशुल्क तरकारीको वीउ वितरण ५२३० प्याकेट | ५२३० घरधुरी लावान्वित | ३००००० |
| जैविक विषादी सम्वन्धी कृषकहरुलाइ तालिम | ५० जना कृषकहरु लावान्वित | २९९९८७ |
| निलो तुथो र चुना वितरण सुन्तला कृषकहरुलाई | १३५ घरधुरीमा | १००००० |
| माटो परिक्षण सिविर सन्चालन | ४१० घरधुरी | २९४००० |
| पि वि यस आलुको वीउ दाना २००० गोटा | १ वटा सहकरी मार्फत ३ जना कृषक | २०००० |
| मागमा आधारित साझेदारी कार्यक्रम | | ५००००० |
| ५०% अनुदानमा आलुको बिउ वितरण | १०० घरधुरी | ४९८००० |
| आलुको बिउ ढुवानि | | ८६५१५ |
| खाद्यान्न बालीको बिउ ढुवानी | | ५५२७५ |
| निशुल्क फुलको बिउ वितरण | ६ घर | ४१००० |
| कृषि प्रसार खाद्य सुरक्षा तथा पोषण सुधार सहायोग कार्यक्रम | २१९७ घरधुरी | २००००० |
| प्रमुख बालीमा बालि काटान | ३२ घरधुरी | १६००० |
| आ.व २०८१/८२मा नया तरकारी पकेट संचालन | २२५ घरधुरी | ११९८००० |
| कृषि स्नातक करार | १ जना | ४१२००० |
| किसान सूचीकरण कार्यक्रम | ११४७ घरधुरी | १२३००० |
| पारिवारिक खेति प्रवर्दन कार्यक्रम | ५०० घरधुरी | ७३५००० |
| खाध्यान बालीको उन्नत बिउ उपयोग अनुदान (धान गहु मकै) | २०० घरधुरी | ८०५००० |
| **जम्मा** | | **१०३८७६५२** |
| **पशुसेवा तर्फ** | **लाभग्रही संख्या** | **रकम रु.** |
| पशुपंछीउपचारको लागी औषधी खरिद | २१३५१ | १०००००० |
| रेबिजभ्याक्सीन खरिद | १००९ | १५०००० |
| हिउंदे घांसको बिउ बितरण (जै,वर्षिम,भेच आदी) (८० प्रतिशतअनुदानमा) | ८४ | ४००००० |
| टियोसेन्टी घांसको बिउ बितरण (८० प्रतिशत अनुदानमा) | ४२ | १५०००० |
| १ दिने निशुल्कपशु स्वास्थ्य शिबिर संचालन | ४५८ | ६६०००० |
| | | |

| | | |
|---|---|---|
| दूधमा अनुदान कार्यक्रम | ३०७ | ७८८००० |
| (प्रति लिटर २ रुपैया) का दरले | | ० |
| डालेघांस तथा भुई घांसको नर्सरी स्थापना | १ | ६०००० |
| ५० प्रतिशतअनुदानमा ऋयध ःबत बितरण | ४७थान १६ जना | १७५००० |
| ५० प्रतिशतअनुदानमा व्यबसायिक गाई÷भैसीको भकारो सूधार बितरण (वडा नं. १ देखि १४) | ९जना | ४५०००० |
| डेरी पसल सूधार | १जना | ६०००० |
| ५० प्रतिशत अनुदानमा चारा मेसिन बितरण (वडा नं. १ देखि १४ वडा) | हातेचारामेसिन ९० जना | १४०००००० |
| **जम्मा** | | **५२९३०००** |
| **कुल जम्मा** | | **१५६८०६५२** |

२४ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(३) र (४) बमोजिम पालिकाले जिन्सी निरीक्षण प्रतिवेदन तालुक कार्यालयमा पठाएपछि सोको सम्बन्धमा कुनै निर्देशन पठाएमा सो समेत बिचार गरी लिलाम बिक्री गर्नुपर्ने सामान ६ महिनाभित्र र मर्मत सम्भार गर्नुपर्ने भए ३ महिनाभित्र लिलाम बिक्री वा मर्मत सम्भार गरिसक्नुपर्ने उल्लेख छ । महालेखा नियन्त्रक कार्यालयको मिति २०८१।०४।०८ को पत्रसंख्या २०८१।०८२ चलानी नं २३ गते सबै सरकारी कार्यालयलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V२) को दोस्रो भर्जन मिति २०८१।०४।२० गतेबाट अनिवार्य प्रयोग गर्नुपर्ने गरी परिपत्र भएको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्न अनुसार छनः

२४.१ **जिन्सी निरीक्षण :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ र १०६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । यस कार्यालयले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत गर्नुपर्ने भनी उल्लेख गरिएका टेवल -२ जिन्सी सामान तथा लिलाम गर्नुपर्ने भनी उल्लेख गरिएका मोबाईल-८, ब्याट्री-१५, डिजिटल तराजु - १ थान लगायतका जिन्सी मालसामानहरु मर्मत तथा लिलाम गरेको पाइएन।अत: जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम गर्नुपर्ने भनी उल्लेख भएका सामानहरुको लिलाम गर्नुका साथै मर्मत गर्नुपर्ने भनी उल्लेख गरिएका सामानहरु समयमै मर्मत गरी प्रयोगमा ल्याउनु पर्दछ।

२४.२ **जिन्सी सामानको मौज्दात :** महालेखा नियन्त्रक कार्यालयबाट विकास गरिएको प्रणाली अन्तर्गत PAMS -V१ बाट PAMS-V२ मा भएका खप्ने मालसामानको विवरण मात्र जिम्मेवारी सर्ने व्यवस्था देखिएकोमा खर्च भएर जाने मालसामानको विवरण सहित स्वतः जिम्मेवारी सर्ने व्यवस्था हुन सकेको अवस्था देखिएन। कार्यालयबाट आर्थिक वर्ष २०८०।८१ मा खरिद गरिएका खर्च भएर जाने मालसामान, खर्च भएको परिमाण तथा आर्थिक वर्षको अन्तमा बचत भई २०८१।८२ मा मौज्दात सार्नुपर्ने सामानको विवरण सहित जिन्सी निरीक्षण गरेको देखिएन । साथै लेखापरीक्षणको क्रममा कार्यालयको PAMS -V१ प्रणाली परीक्षण गर्दा रु. १,६९,३३० /- बराबरको खर्च भएर जाने मालसामानको मौज्दात बाँकी देखियो । कार्यालयले PAMS -V१ मा मौज्दात बाँकी देखिएको खर्च भएर जाने सामान PAMS -V२ मा सार्नुपर्दछ ।

२५ **ढाव गुफा ढाव खोला टिमुरे सडक (ठेक्का नं.१/०८१/८२)**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा ७ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगती नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसकै बखत अन्त्य गर्न सक्ने व्यवस्था छ । त्यसैगरी उपदफा ८ मा यसरी सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पूरै जमानत जफत

हुने व्यवस्था छ ।संघीय समपूरकबाट कार्यान्वयन हुने ढाव गुफा ढाव खोला टिमुरे सडकको लागि विद्युतीय बोलपत्र गरेकोमा ८ निर्माण व्यवसायीले विद्युतीय बोलपत्र पेस गरेकोमा सबैभन्दा न्यूनतम कबोल गर्ने सोफिया कन्स्ट्रकसनसहित ३ बोलपत्रदातले सूचनामा माग गरे बमोजिमको करचुक्ता तथा नविकरण पेस नगरेकाले मूल्याङकनमा अगाडी नबढाउने निर्णय भई ५ वटाको मूल्याङ्कनमा समावेश हुंदा मिति २०८२/२/३० सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी भगवती कन्स्ट्रकस्नसँग मिति २०८१/८/२ मा रु. ६०,७९,७३,९२१।९९ (भ्याट बाहेक) को खरिद सम्झौता भएकोमा लेखापरीक्षण अवधिसम्म उक्त निर्माण कार्यमा रु..४६,८१,२८१। ९६ को प्राविधिक नापी मुल्याङ्कन भएको छ। उक्त निर्माण कार्यवापत निर्माण व्यवसायीलाई भौ नं १०८४।०८२।३।२३(पालिका) बाट रु.२१,०६,५७६।– र भौ नं २।०८२।३।२३ (संघ शशर्त) बाट रु.२१,०६,५७६।– गरी रु.४२,१३,१५२।– भुक्तानी दिएको छ।उक्त सडकको लागी सम्झौतामा उल्लेख भएको कडा चट्टान, मिडियम चट्टान र कडा माटो काट्ने काम बाँकी रहेको र मिति २०८२।०८।२३ को निर्णयले २०८२।०९।३० सम्म प्रथम पटक म्याद थपेकोमा लेखापरीक्षण अवधिसम्म थप म्याद थप भएको देखिदैन।अत: उक्त निर्माण कार्यमा संलग्न पदाधिकारीलाई जिम्मेबार बनाई खरिद कानूनको प्रावधान बमोजिम खरिद कारवाही टुङ्गो लगाउनु पर्दछ।

२६ **कृष्णनगर, शिवनगर, इलाका सडक (ठेक्का नं. ०३/०८१/८२)**

प्रदेश समपूरक अन्गर्गत २०८२/०२/३० सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी जि.टी. कन्स्ट्रक्सनसँग मिति २०८१/०९/११ मा रु. १,४५,७१,३२९/- मा खरिद सम्झौता भएकोमा भौ नं ९७२।०८२।३।२१ बाट रु. ७८,३१,१३६/- , भौ नं ९७०।०८२।३।२१ बाट रु. ७६,३३,०००/- र भौ नं ५२।०८२।३।२१ बाट रु.१०,००,०००/- समेत गरी १,६४,६४,१३६/- भुक्तानी भएको छ । यस सम्बन्धमा श्रेस्ता परीक्षणबाट देखिएका व्यहोरा देहाय अनुसार छन् :

२६.१ **विमा बापतको रकम बढी भुक्तानी** - आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार भुक्तानी दिंदा रित पुगे नपुगेको एकिन गरी भुक्तानी दिनुपर्दछ।पालिकाले कृष्णनगर, शिवनगर, इलाका सडक निर्माण कार्यमा निर्माण व्यवसायी जि.टी. कन्स्ट्रक्सनलाई विमा र ल्याव टेष्ट वापतको रु.१,१३,०००।– भुक्तानी भएकोमा रु.३५,९९०।– को मात्र विल संलग्न भएकोले बढी भुक्तानी भएको रकम रु. ७७,०१०।– सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७७,०१० |

२६.२ **सशर्त बजेट पुन प्रयोग** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ ।पालिकाले कृष्णनगर, शिवनगर, इलाका सडक निर्माण कार्यमा निर्माण व्यवसायीबाट कार्य गराई बचत भएको रकमको खहरे गुमी सडन नाला निर्माण कार्यको लागि निर्माण व्यवसायी डी.जी. कन्स्ट्रकसनसंग कोटेसनबाट कार्य गराई भौ नं ९७०।०८२।३।२१ बाट रु.९,५०,०००।– भुक्तानी दिएको छ । कार्यालयले आर्थिक वर्षको अन्तिममा ठेक्का व्यवस्थापनबाट बचत भएको रकमबाट हुने कार्य योजनाको सूरु लागतममा नै समावेश नगरी कोटेशनबाट कार्य गराएको देखिन्छ । यसरी प्रदेश सरकारमार्फत बजेट विनियोजन भई योजना सम्पन्न भएपश्चात् पुन कोटेसनबाट कार्य गराएको नियमसम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,५०,००० |

२७ **सामुदायिक वनबाट आय**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ। पालिका क्षेत्रभित्र सामुदायिक वन रहेकोमा सोको अभिलेख नराखेको पालिकाको भनाई रहेको छ।पालिकाले आफ्नो क्षेत्रभित्र रहेका वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रिबाट प्राप्त गर्नुपर्ने राजस्व दाखिला गर्नु गराउनु पर्नेमा सोको विवरण माग गर्ने, अभिलेख अद्यावधिक गर्ने र राजस्व प्राप्ती गर्ने कार्यका लागि पालिकावाट कुनै पहल भएको देखिएन। लेखापरीक्षण प्रतिवेदन पेश नगरेको सामुदायिक वन समुहलाई समेत प्रतिवेदन पेश गर्न लगाई दाखिला गर्न वाँकी राजस्व रकम असुल गरी दाखिला गर्नुपर्ने देखिन्छ ।

## २८ नविकरण शुल्क

पालिकाले घ वर्गको निर्माण इजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५को दफा ३ मा प्रत्येक आर्थिक वर्षको इजाजत पत्र अवधि मान्य रहने र अवधि समाप्त भएको तिन महिना भित्र संघ, प्रदेश र स्थानिय तहलाई तिर्नु पर्ने कर तिरी सकेको कर चुक्ताप्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित अनुसूची-२ अनुसारको दस्तुर तिरी नवीकरण गरी पास बुक विवरण अद्यावधिक गर्नु पर्ने व्यवस्था छ। पालिकामा गत वर्षसम्म इजाजत पत्र लिएका २५ तथा यस वर्ष कुनै पनी निर्माण व्यवसायी लाई ईजाजतपत्र प्रदान नगरीएकोमा तोकिएको भन्दा ढिला गरी नविकरण भएका ४ वटा र समयमा नविकरण गरेका १७ गरी जम्मा २१ वटाको नविकरीण गरी रु.१,९५,०००/- राजश्व संकलन भएको । कार्यविधि अनुसार तोकिएको अवधि भित्र नवीकरण नगरीएका निर्माण इजाजत पत्रको विवरण अद्यावधिक राखी उत्त समय पछी नविकरण गर्दा थप नवीकरण दस्तुर लिएर मात्र नविकरण गर्ने व्यवस्था गर्नु पर्दछ।

## २९ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२,३३,७२५/- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। यस वर्ष उद्योग र वाणिज्य व्यवसाय दर्ता ८४ वटा र नविकरण ३०७ वटा गरेको पाइयो हालसम्म ११३८ वटा व्यवसाय दर्ता भएको छ । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

## ३० उपभोक्ता समितिलाई भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ।पालिकाले यस आर्थिक वर्षमा उपभोक्ताबाट संचालित योजनाहरुको नमुना परीक्षण गर्दा उपभोक्ता समितिबाट कार्यान्वयन भएका योजनाहरुको प्राविधिक नापी मूल्याङ्कन गर्दा उपभोक्ता समितिको विलमा Miscellneous works including site clearance before and after the work, photos and other documents as per instruction of site incharge आईटम राखी प्राविधिक नापी मूल्याङ्कन पेस गरी सोबापतको रकम समेत गरी देहायानुसार रु.९२,५१,७०८/- भुक्तानी गरेको छ।यसरी उक्त आईटम थप गरी उपभोक्ता समितिलाई रकम भुक्तानी दिँदा सो रकम बराबरको पुष्टि हुने विल एवं भरपाई पेस भएको छैन।अत: विल एवं विजक बिना प्राविधिक नापी तयार गर्ने प्राविधिकलाई जिम्मेवारी बनाउनुपर्दछ।साथै विल एवं बिजक बिना प्राविधिक नापी गरी भुक्तानी दिएको रकम रु.९१,८००/- सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| क्र.सं. | भौचरनं./ मिति | योजनाकोनाम/ विवरण | भुक्तानी रकम | विविध रकम (विलनभएको) |
|---|---|---|---|---|
| १ | ११६६-२०८२।०३।२५ | वडाखोलीदेखि लेखवडाखोली केरेनी सडक वडा नं ६ | ९४६३३९ | ५००० |
| २ | ११७६-२०८२।०३।२५ | आभारभूतस्वास्थ्य केन्द्र भेडावारी शौचालय निर्माण | १२५४०० | १०००० |
| ३ | ११३६-२०८२।०३।२४ | जाजरकोटलिफ्ट सिंचाई निर्माण उस | ३६३११४ | ५००० |
| ४ | ११०२-२०८२।०३।२४ | बर्मागारथापा चौर खानेपानी | ७६३९७ | ५००० |
| ५ | ११२६-२०८२।०३।२४ | भुजेलकोखेत देखि बालेको खेत सम्म पक्की कुलो निर्माण | ११८७५० | ४००० |
| ६ | ११२८-२०८२।०३।२४ | गोचेखोलाबडाखोली अधुरो लिफ्ट सिंचाई योजना | १२५१८५५ | १५००० |
| ७ | १०७८-२०८२।०३।२३ | वडाकार्यालय प्रतिक्षालय निर्माण ११ | १३६३०७ | ३००० |
| ८ | १०७२-२०८२।०३।२३ | कालिकामावि भवन मर्मत | ५००००० | १०३०० |
| ९ | १०५३-२०८२।०३।२३ | भट्टेचौरसामुदायिक होमस्टे | २१०००० | ३५०० |
| १० | ९३८-२०८२।०३।२० | सुर्यज्योतिआ वि खानेपानी मर्मत | ५१४१२३ | ५००० |
| ११ | ८३३-२०८२।०३।१२ | सिमखोलाकल्भर्ट निर्माण | ९४२७११ | ६००० |
| १२ | ८३५-२०८२।०३।१३ | अधेरीखोलादेखि बेतेनि खानेपानी निर्माण | ३९६१५९ | ५५०० |
| १३ | ८१८-२०८२।०३।१८ | चुनेअम्रैसडक आर सि सि तथा स्लेप निर्माण | ९९०२६३ | ३५०० |
| १४ | २६-२०८२।०२।१९ | बराकालनासिंचाई नाला निर्माण ११ | ९४८०९६ | २००० |
| १५ | ५९-२०८२।०३।२५ | घुमखहरेतल्लो खरायोचौर सिंचाई आयोजना | ७८५८५५ | ४००० |
| १६ | ११६६-२०८२।०३।२५ | वडाखोली देखि लेखवडाखोली कटेनी सडक | ९४६३३९ | ५००० |
| जम्मा | | | ९२५१७०८ | ९१८०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९१,८०० |

## ३१ निर्माण उपकरण (एक्साभेटर) खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(२) मा सार्वजनिक निकायले लागत अनुमान तयार जिल्लाका अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला बर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र उद्योग बाणिज्य संघले जारी गरेको दररेटको आधारमा लागत अनुमान तयार गरी खरिद गर्नुपर्ने उल्लेख छ। पालिकाले एम. ए. डब्लु. अर्थ मुभर्स प्रा. लि. बाट बाट १ थान ब्याकु लोडर क्याटलग बिधिबाट खरिद गरि भौ नं ८७६।०८२।३।१६ बाट रु.५६,७५,०००/- भुक्तानी दिएको छ।उक्त डोजरको खरिदको लागि लागत अनुमान तयार गर्दा ३ वटा फर्मले पेस गरेको दरमध्ये सबैभन्दा कम दर र मेकानिकल इन्जिनियरले तयार गरेको स्पेशिफिकेशनका आधारमा एकमुष्ट रु.६०,००,०००।- लागत अनुमान उल्लेख गरेको पाईयो ।प्रचलित कानून बमोजिमको खरिद कार्यमा नियन्त्रण हनुपर्दछ।

## ३२ परामर्श तथा डीपीआर खर्च

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना/डीपीआर/आइईई लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको १ वटा डिपिआर १ वटा वातावरणीय प्रतिवेदन गरी रु. ८ लाख खरिद सम्झौता गरी परामर्शदाताबाट कार्य गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र.सं. | कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|---|
| १ | भोटचुली पर्यटक क्षेत्र विस्तृत परियोजना प्रतिवेदन | रिप्पल ट्रेनिङ एण्ड कन्सल्टिङ सर्भिसिज प्रा लि | २००००० | १९४८१२ |
| २ | स्वास्थ्य चौकी कृषि उपज विक्री केन्द्र वडा नं ९ नयां निर्माणको लागि प्रारम्भिक वातावरणीय प्रतिवेदन | एम् वि.एस.इन्जिनियरिङ कन्सल्टेन्सी | ६००००० | ५९३२५० |
| **जम्मा** | | | **८०००००** | **७८८०६२** |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । प्रतिवेदनहरु अभिलेखको रुपमा लेखांकन समेत हुनुपर्दछ ।

## ३३ खरिद कारवाहीको अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (१) अनुसार सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गौश्वार लगत (म.ले.प.फा.नं. ५०७) समेत तयार गरी राखेको पाइएन । जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको परीक्षण गर्न सहज भएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

## ३४ निर्माण उपकरणको उपयोग

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। पालिकामा डोजर १ तथा टिप्पर १ लगायत संचालनमा रहेको देखिन्छ । पालिकाले सवारी साधनको मर्मतमा रु.२५,९२,१६४/- र ईन्धनमा रु.२३,९६,२५०/- गरी जम्मा ४९,८८,४१४/- खर्च गरेको छ। पालिकाले पालिका भित्रका नयाँ सडक खन्ने र सडक मर्मत तथा स्तरोन्नती, फोहोर संकलन गर्ने कार्यको लागि हेभि ईक्विपमेन्टमा प्रयोग भएको जनाएको छ। पालिकाले सवारी साधनको मर्मत तथा ईन्धनमा खर्च गर्दा खर्चको अभिलेख तयार गर्ने , निर्माण कार्यको प्राविधिक मुल्याङ्कन गर्ने, आम्दानीको अभिलेख राख्नुका साथै खर्चमा मितव्ययीता कायम गरी हेभि इक्विपमेन्टको संचालन गर्नुपर्दछ।

| क्र.स | सवारीकोकिसिम | इन्धन खर्च | मर्मत खर्च | जम्मा |
|---|---|---|---|---|
| १ | डोजर | १५२५०८० | ६७३०४४ | **२१९८१२४** |
| २ | टिप्पर | २२४०७६ | २४३८५० | **४६७९२६** |
| ३ | जिप २४१ | २५८२९८ | ३२९०५८ | **५८७३५६** |
| ४ | जिप ०८७ | ४८२८० | ४१७७२ | **९००५२** |
| ५ | ट्याक्टर | ३४०५१६ | १३०४४४० | **१६४४९५६** |
| **कुल जम्मा** | | **२३९६२५०** | **२५९२१६४** | ४९८८४१४ |

३५ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले गोश्वारा भौचर नम्बर ९२६ मिति २०८२।३।१९ बाट वडा कार्यालय भवन निर्माण तथा मर्मत (ठेक्का नं २/२०८१।०८२) मा निर्माण व्यवसायी भरत निर्माण सेवालाई पि.एस. आइटम बापतको रु.३०,०००।– भुक्तानी दिएको छ।तर निर्माण व्यवसायीले रु.१५,१३५/- को विल समावेश भएकोले विल भन्दा बढी भुक्तानी भएको रकम रु.१४,८६५/- बढी भुक्तानी भएको सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,८६५ |

३६ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८५ मा रू.१० लाख सम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता, खरिद प्याकेज, खरिद विधि लगायतको विषयको पुर्व तयारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष खरिद सम्बन्धी कुनै तयारी तथा खरिद योजना नबनाइ रु. ८६ लाख १३ हजार बराबरका देहायका १४ निर्माण कार्य सोझै खरिद गरेको देखिन्छ । सोझै खरिद कार्य गराउँदा लागत अनुमानको तुलनामा शुन्ना देखी ०.०९ देखि २.८८ प्रतिशत घटीमा कबोल गरी खरिद सम्झौता गर्ने गरेको देखिन्छ । आवश्यकता पहिचान गरी ऐनको ब्यबस्था बमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद कार्य गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| क्र.सं. | आयोजनाको नाम | निर्माण कम्पनी | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | वडा नं २ सडक सरसफाई कार्य | भरत निर्माण सेवा, गुर्भाकोट | ५६०२६२.५० | ५५८६३३.७५ | ०.२९ | ५५७९६५ |
| २ | वडा नं ५ सडक सरसफाई कार्य | सरिता निर्माण सेवा गुर्भाकोट | ६२४८७८ | ६२२००७ | ०.४६ | ५५९२२० |
| ३ | वडा नं ४ सडक सरसफाई कार्य | सायरा निर्माण सेवा | २४१३७९ | २४०१३३ | ०.५२ | २३४२६८ |
| ४ | वडा नं १ सडक सरसफाई कार्य | सुभ आर्शिवाद कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ६८९३८५ | ६८५३८४ | ०.५८ | ६८१६८४ |
| ५ | आंखा अस्पताल पूर्वाधार निर्माण | भरत निर्माण सेवा, गुर्भाकोट | २०९३२२ | २०८५३६ | ०.३८ | २०७८५४ |
| ६ | वडा नं ५ र ९ सडक सरसफाई कार्य | सुरेश निर्माण सेवा, गुर्भाकोट | ८१८८४० | ८१६७९६ | ०.२५ | ७७२०३२ |
| ७ | गोलपुर घरीटोल डीप बोरिङअधुरो लिफ्ट | कमार कन्स्ट्रक्सन | ८४०५१७ | ८१६३०० | २.८८ | ८१३८०० |
| ८ | मेहलकुना आंखा अस्पताल पूर्वाधार आधारभूत स्वास्थ्य घेराबार नजिकवडा कार्यालय पार्किङ | ओम निर्माण सेवा | ६२८८६३ | ६२६२५२ | ०.४२ | ६२३३३६ |
| ९ | वडा नं ५ कुर्मी सडक | प्रणव निर्माण सेवा | ४४०७७६ | ४३७४२४ | ०.७६ | ४३५०५० |
| १० | खुला व्यामशाला पूर्वाधार तथा भित्री सडक | सन्देश निर्माण सेवा | ५९३१९५ | ५९२६८८ | ०.०९ | ५५०११६ |
| ११ | नक्काले संकूल तातोपानीपूर्वेटोल सडक ग्रावेल | पवन कन्स्ट्रक्सन सुर्खेत | ८४७४५७ | ८४४३२५ | ०.३७ | ७५७३२५ |
| १२ | बोटेचउर मसानघाट सडक | पि आई इन्जिनियरिङ | ४२३७२९ | ४२१६९० | ०.४८ | ४२०९३५ |
| १३ | गुमी विशालनगर सडक नाला | डी जि कन्स्ट्रक्सन | ८४७३८७ | ८४६३८२ | ०.१२ | ८४१०८६ |
| १४ | विद्युत तथा सडकपूर्वाधार निर्माण | जय गणेश निर्माणसेवा | ८४७३८८ | ८४४६७१ | ०.३२ | ८४२६३१ |
| **जम्मा** | | | **८६१३३७८** | **८५६१२२२** | | **८२९७३०१** |

३७ **सामान प्रयोगको प्राविधिक मूल्याङ्कन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले वागेश्वरी ह्युम पाईप एण्ड विद्युत पोल उद्योग प्रा.लि.बाट एन.पी. ३, ४५० एम्.एम्.को २० रनिङ मिटर, एन.पी. ३, ६०० एम्. एम्.को ५ रनिङ मिटर खरिद गरी गोश्वारा भौचर नम्बर १०३६ मिति २०८२।३।२२ बाट रु.१,८७,५८०।– भुक्तानी दिएको छ। उक्त पाइपको फिटीङ भएको नापी समावेश नभएकोले पाइप फिटिङ भएको प्रमाण पेस गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८७,५८० |

३८ **निर्माण कार्यको नाँप**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ ।पालिकाबाट निर्माण भएका सम्पूर्ण निर्माण कार्यहरुको नाँपसंग भिडान हुनेगरी चेनेज खुलाई स्लोप कटिङ्ग लगायत

फिलिङ्ग एरिया एवं परिमाण यकिन हुने ड्रइङ्ग संलग्न गर्ने गरेको छैन । सडक तथा भवन निर्माण जस्ता निर्माण कार्यमा समेत ड्रइङ्ग संलग्न नगरेबाट बिलमा उल्लेखित परिमाण यकिन हुने अवस्था छैन ।

सडक निर्माणमा रिटेनिङ्गवाल लगाएकोमा चेनेज खुलाउने नगरेको, ग्याविन जालीको नाप एवं परिमाण गर्दा लेयर सहितको ड्रइङ्ग समावेश गर्ने नगरेको, उपभोक्ता समितिहरुबाट सञ्चालित योजनामा सामाग्री विवरण (Material Breakdown) नदिने, निर्माण कार्यसंग दक्ष तथा अदक्ष श्रमिक बिश्लेषण नगरेबाट उपभोक्ताले डोर हाजिरमा उल्लेख गरेको जनशक्ती मेल नखाने, उपभोक्ताको बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको लगायत अवस्था देखिन्छ ।अधिकांश योजनाहरुमा लागत अनुमान बरावर मूल्याङ्कन भएको देखिँदा वास्तविक काम सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिँदैन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति, म्याद थप लगायतका बिलमा खुलाउनुपर्ने तथ्याङ्क स्पष्ट उल्लेख गर्ने गरेको पाईएन । प्राविधिकले इन्जिनियरिङ नर्म्स बमोजिम ड्रइङ्ग लगायत चेनेज, स्थान, परिमाण खुल्ने अन्य पुष्टयाइ गर्ने कागजात संलग्न गरी निर्माण कार्यको नाँप एवं परिमाण वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

३९ **कार्य स्वीकार तथा कार्य सम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ को उपनियम (२क) मा निर्माण कार्यको कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्धेश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्थामा सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । सोही नियमावलीको नियम १२५ को उपनियम (२) मा निर्माण कार्य सम्पन्न भई त्रृटी सच्याउने दायित्वको अवधी सम्पन्न भएपछि त्यस्तो निर्माण कार्य तोकीए बमोजिम भए नभएको सम्बन्धित प्राविधिकबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने व्यवस्था छ । पालिकाले निर्माण गरेका सम्पूर्ण निर्माण कार्यको कार्य स्वीकार तथा कार्य सम्पन्न प्रतिवेदन एकैपटक जारी गरेको कारण निर्माण कार्यको नियमानुसारका कार्य सम्पन्न प्रतिवेदन जारी भएको अवस्था छैन । निर्माण कार्यको त्रृटी सच्याउने अवधि समाप्त भएपछि मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरी संरचनाहरुको यथार्थता एकिन गर्नु पर्दछ ।

४० **खर्चको विल भरपाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्च लेख्दा बिल भरपाई संलग्न गरी खर्च लेख्नुपर्ने उल्लेख छ। पालिकाले देहाय अनुसार पि.एस. आईटम भुक्तानी गर्दा बिल बिना भुक्तानी गरेको छ। बिल बिना भुक्तानी गरेको पि.एस. आईटमको रकम रु.५७,८५२।-असुल हुनुपर्ने रु.

| क्र.स. | निर्माण ब्याबसायि | योजना | रकम |
|---|---|---|---|
| १ | पिएल ईञेजिनियरिङ | दमारे गाउ बोटे चौर सडक निर्माण साईन बोर्ड र ल्याब टेस्ट | २०००० |
| २ | पिएल ईञेजिनियरिङ | बर्दि रिङरोड कार्य साईन बोर्ड र ल्याब टेस्ट | २५००० |
| ३ | हिमाल निर्माण सेवा | राजिकोट कोशिघाट सडक निर्माण | १२८५२ |
| **जम्मा** | | | **५७८५२** |

| असुल गर्नुपर्ने | ५७,८५२ |
|---|---|

४१ **मेहलकुना सडक निर्माण**

मेलकुना सडकको अस्पताल लाईनको सडक कालोपत्रे गर्ने निर्माण ब्याबसायि द्रोण बिल्डर्स अफ कम्पनी प्रा.लि.ले पेश गरेको कर बिजक रु.२४,३७,४०७।- सम्बन्धमा निम्नानुसार देखियो ।

**प्राईम कोट** - सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION १३०० – BITUMINOUS SURFACE AND BASE COURSE मा प्राईम कोट प्रति वर्ग मिटर औषत ०.९ देखि १ लिटर हुने उल्लेख छ। पालिकाले निर्माण ब्याबसायिलाई ६७५ बर्ग मिटर सडक कालोपत्रे कार्यमा प्राईम कोट १ लिटर प्रति वर्ग मिटर दरले भुक्तानी दिएको छ।स्पेसिफिकेसनमा उल्लेख गरे भन्दा ०.१ लिटर प्रति बर्ग मिटर सडक कालोपत्रे कार्यमा प्राईम कोट प्रयोग भयको देखाएको छ ।प्राईम

कोटको प्रति लिटर मुल्य रु मु अ कर सहित रु.१६३।८५ रहेको छ। सडक निर्माणको स्पेसिफिकेसन भन्दा बढी दरले भुक्तानी भएको (६७५X०.१X १६३।८५) रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,०६० |

४२ **उपभोक्ता समितिको काम**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७ (१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ।पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको, विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको, प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

४२.१ **निर्माण कार्यको गुणस्तर** - उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति, अनुगमन समिति र कार्यालयको हो । यसका लागी स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने, निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम हुनुपर्ने, मितव्ययिताका लागि स्थानीय स्तरमा उपलब्ध, गुणस्तरयुक्त सामग्रीको उपयोग गर्नुपर्दछ । तर यस गाउँ पालिकाले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक मात्रामा गुणस्तर परीक्षण गराउने तर्फ कार्यालयको पहल हुनुपर्दछ ।

४२.२ **उपभोक्ता समितिको बिल भरपाई** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।यो वर्ष पालिकाले उपभोक्ता समितिबाट सम्पन्न भएका अधिकांश योजनामा प्राविधिक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा उपभोक्ता समितिलाई रकम भुक्तानी गरेको देखियो। उपभोक्ता समितिले प्राविधिक नापी तथा उपभोक्ताको बिल पेश गर्दा आंशिक रूपमा मात्र डोर हाजिरी तथा खर्चका बिल भरपाई संलग्न गरी पेश गर्ने गरेको देखियो।नियमावलीमा भएको व्यवस्था अनुरुप उपभोक्ता समितिले खर्चको बिल भरपाई उक्त समुहको वैठकबाट समेत अनुमोदन गर्ने गरेको देखिएन।यस सम्बन्धमा फिल्डमा गई प्राविधिकले पेश गर्ने वास्तविक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गर्ने गरेको पालिकाले जानकारी दिएतापनि योजनामा प्रयोग भएका सामग्री खरिदको समेत बिल पेश नहुँदा नापी अनुसारको वास्तविक परिमाण र लागत कै सामान प्रयोग भयो भनि आश्वस्त हुन सक्ने अवस्था रहेन । गत विगत वर्षका प्रतिवेदनहरुमा समेत यस सम्बन्धमा सुझाव दिँदै आएकोमा यस अवस्थामा सुधार भएको देखिएन ।

४२.३ **प्राविधिक बिल** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित अधिकांश योजनाको ठेक्का बिलहरुमा लागत

अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति, नापजाँच गरेको मिति लगायतका बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । प्राविधिकले उपभोक्ता समितिको बिल बनाउँदा वास्तविक कार्यसम्पादनमा आधारित भएर बनाउनुपर्दछ।

४२.४ **बिमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा बीस लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यमा संलग्न हुने जनशक्ति, मेसिन र सम्पूर्ण निर्माण कार्यको तोकिए बमोजिमको विमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष उपभोक्ता समितिमार्फत निर्माण सम्पन्न गराएको कुनै पनि निर्माण कार्यको विमा गराउको छैन । यसले गर्दा निर्माण कार्यको जोखिम बढ्न गई निर्माण कार्य समयमा सम्न्न नहुने जस्ता जोखिम बढेर जान्छ । अत: निर्माण कार्यमा हुने सम्भावित जोखिम न्यूनीकरण गर्न अनिवार्य रुपमा विमा गराउनु पर्दछ ।

## ४३ खरिद कार्य

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी नियमावलीले तोकेको सिमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने त्यस्तै सोही नियमावलीको नियम ८४(१) अनुसार सार्वजनिक निकायले बीस लाखसम्म लागत अनुमान भएको मालसामान वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रको माध्यमबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पटक पटक एउटै फर्म तथा व्यवसाय बाट देहायबमोजिम खरिद गरेको देखिन्छ।नियमावलीको प्रावधान वेगर खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

| गो.भौ.रमिति | फर्म | रकम |
|---|---|---|
| ५३/ २०८१/ ०६/ ०७ | दैलेखी उर्जा घर प्रा.लि | ९९९४८ |
| | न्यू साझा इलेक्ट्रोनिक्स अर्डर एण्ड सप्लायर्स | ९६०५० |
| ५५/ २०८१/ ०६/ ०७ | दैलेखीउर्जा घर प्रा.लि | ९९९४८ |
| ६१/ २०८१/ ०६/ ०७ | युनिककम्प्युटर्स | ९९३२७ |
| १२६/ २०८१/ ०७/ ०६ | ढकाल अफसेटप्रेस एण्ड सप्लायर्स | ५००५९ |
| १२८/ २०८१/ ०७/ ०६ | ढकाल अफसेटप्रेस एण्ड सप्लायर्स | ७९७७८ |
| १३०/ २०८१/ ०७/ ०६ | पाल्पाभैरव मल्टी सप्लायर्स | ३७२९० |
| २३०/ २०८१/ ०८/ ०६ | एल.एस.डेकोरेसनहाउस | १६५०० |
| २३५/ २०८१/ ०८/ ०७ | ओमकम्प्युटर्स | ७७४०५ |
| २३७/ २०८१/ ०८/ ०७ | दैलेखीउर्जा घर प्रा.लि | ९९९०० |
| २६१/ २०८१/ ०८/ १७ | ओमकम्प्युटर्स | ४२९४० |
| ३५१/ २०८१/ ०९/ १८ | न्यूअधिकारी ट्रेडर्स | ९५४०० |
| ३८५/ २०८१/ १०/ ०६ | स्मार्टसोलुसन एण्ड सप्लायर्स | ९८०८४ |
| ४३१/ २०८१/ १०/ १० | ओमकम्प्युटर्स | ६८९३० |
| ५००/ २०८१/ ११/ ०६ | दैलेखीउर्जा घर प्रा.लि | ८४२९८ |
| ५७२/ २०८१/ ११/ २२ | टि.डीडेकोर हाउस | ३४१८२ |
| ५९७/ २०८१/ १२/ ०७ | ओमकम्प्युटर्स | ४४४०९ |
| ६०१/ २०८१/ १२/ ०७ | टि.डीडेकोर हाउस | ४५२०० |
| ६०३/ २०८१/ १२/ ०७ | टि.डीडेकोर हाउस | ७६००० |
| ६०५/ २०८१/ १२/ ०८ | टि.डीडेकोर हाउस | ४५२०० |
| १०/ २०८१/ १२/ ०७ | गिब्सनछापाखाना उद्योग | ५०००० |
| ९/ २०८१/ १०/ ०९ | गिब्सनछापाखाना उद्योग | ६६६७० |
| ११/ २०८१/ १०/ १० | ढकाल अफसेटप्रेस एण्ड सप्लायर्स | ५३६७५ |
| **जम्मा** | | **१५६११९३** |

४४ **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । पालिकाले यो वर्ष विभिन्न कार्यालयको कार्यालय व्यवस्थापन खर्चका लागि रु.१,३४,११३/- भुक्तानी गरेको छ ।पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा बाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन ।पालिकाबाट भएको यस्तो खर्च नियमसम्मत नभएको रु.

| क्र.स. | भौ.न./मिति | कामको प्रकृती | रकम |
|---|---|---|---|
| १ | २८।०८१।६।९ | प्रहरी चौकी मेहलकुनालाई ईन्धन र सवारी साधन मर्मत | ५७८४० |
| २ | २९५।०८१।१२।१ | प्रहरी चौकी मेहलकुनालाई ईन्धन र सवारी साधन मर्मत | ७६२७३ |
| जम्मा | | | **१३४११३** |

| | |
|---|---|
| अनियमित भएको | १,३४,११३ |

४५ **पुँजीगत शिर्षकबाट चालु प्रकृतिको कार्य**

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार पुँजीगत खर्चको वर्गीकरण भित्र कुनै संरचना निर्माण, मेशिन औजार तथा उपकरण खरिद, सवारी साधन खरिद, सुरक्षा उपकरण खरिद, पुँजीगत संरचनाको आयु थप हुने गरी गरिने पुँजीगत सुधारका खर्चहरु समावेश हुने व्यवस्था छ । नगरपालिकाले पुँजीगत शीर्षकमा मेलमिलाप कार्यक्रम, स्वास्थ्य चौकी संचालन, क्षमता तथा सीप विकास तालिम, सार्वजनिक सुनुवाई लगायतका १२ कार्यक्रममा देहायअनुसार ६ लाख ३१ हजार ५ सय ५० खर्च गरेको देखियो। तसर्थ: पालिकाले योजना छनौट एवं बजेट तथा कार्यक्रम तयारीको क्रममानै सुधार गर्नुपर्दछ नमूना परीक्षणका आधारमा पुँजीगत शीर्षकबाट चालु प्रकृतिका कार्यक्रममा खर्च गरेको रकम कानुनी प्रावधान विपरित रहेकोले नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | भौचर नं./ मिति | खर्च भएको शिर्षक | कार्यक्रमतथा विवरण | रकम |
|---|---|---|---|---|
| १ | ११७२-२०८२।०३।२५ | ३११३५ | मेलमिलापकार्यक्रम वडा नं ७ | ५०००० |
| २ | ११५०-२०८२।०३।२४ | ३११५९ | ढाका बुनाईकार्यक्रम | ५०००० |
| ३ | ११३०-२०८२।०३।२४ | ३११३२ | भोटचुलीमेला व्यवस्थापन | ११००० |
| ४ | १०८२-२०८२।०३।२३ | २११२१ | दिपशिखाअटो पार्टस | ४२०५० |
| ५ | १०४६-२०८२।०३।२३ | ३११३५ | सहारेस्वास्थ्य चौकी व्यवस्थापन | १००००० |
| ६ | १०११-२०८२।०३।२२ | ३११७२ | युवा तथाखेलकुद सामाग्री खरिद | ५०००० |
| ७ | ९४६-२०८२।०३।२० | ३११७२ | सामाजिकपरिक्षण सार्वजनिक सुनुवाई | २५००० |
| ८ | ९६७-२०८२।०३।२१ | ३११७२ | लागूपदार्थ दुर्व्यसन नियन्त्रण कार्यक्रम | ४३५०० |
| ९ | ९७४-२०८२।०३।२१ | ३११३५ | मेलिलापव्यवस्थापन | ५०००० |
| १० | ९२०-२०८२।०३।१२ | ३११३२ | वालवालिकाक्षमता अभिवृद्धि तथा जनचेतना | ७०००० |
| ११ | ८९०-२०८२।०३।१७ | ३११३१ | पशु शिविरकार्यक्रम | १००००० |
| १२ | ७४८-२०८२।०३।०४ | ३११३१ | कृषकसमूहमा स्थलगत तालिम संचालन | ४०००० |
| जम्मा | | | | **६३१५५०** |

| | |
|---|---|
| अनियमित भएको | ६,३१,५५० |

४६ **आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजु**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३३(८) वमोजिम आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौट तथा सम्परिक्षण गराउनु पर्ने तथा दफा ३३(९) वमोजिम आन्तरिक लेखापरीक्षणको सुझावहरुको सम्वन्धमा कारण सहित हटाएकोमा वाहेक अन्य सुझावहरुलाई अन्तिम लेखापरीक्षण प्रतिवेदमा समावेश गर्नुपर्ने व्यवस्था अनुरुप आन्तरिक लेखापरीक्षणमा देखिएका व्यहोरा हालसम्म फर्स्यौट नभएकोले निम्नानुसार कायम गरिएको छ ।

४६.१ **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार खर्च लेख्दा रित पुगे/ नपुगेको एकिन गरी खर्च लेख्नु पर्ने व्यवस्था छ।पालिकाले देहायका फर्म तथा योजनामा बढी भुक्तानी भएको असुल हुनुपर्ने रु.

| भौनमिति | योजनाको नाम | भुक्तानी पाउने | भुक्तानी रकम | बिल भरपाई | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १३७।०८१।९।१७ | बिशेष प्रहरी गण खानेपानी तथा पुर्बाधार निर्माण | बिशेष प्रहरी गण खानेपानी तथा पुर्बाधार निर्माण उ स | ४५४४९ | ४४७०२५ | ७४३४ |
| १६५।०८१।१०।४ | बिभिन्न | न्यु सहारा होटल | ७८२५० | ७१२५० | ७००० |
| २३०।०८१।१०।३० | डाडा पोखरी कुलो निर्माण | डाडा पोखरी कुलो निर्माण उ स | ८९७४२ | ८५०७६ | ४६६६ |
| ३७६।०८१।१२।७ | क्षयरोग मुक्त अभियान | प्रेम बहादुर खत्री | ४९८३० | ४२६२९ | ७२०१ |
| **जम्मा** | | | | | **२६३०१** |

| असुल गर्नुपर्ने | २६,३०१ |
|---|---|

४६.२ **कन्टिनजेन्सी वापतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार खर्च लेख्दा रित पुगे/ नपुगेको एकिन गरी खर्च लेख्नु पर्ने व्यवस्था छ। पालिकाले बिद्युत निर्माण उपभोक्ता समितिलाई बिद्युत निर्माण कार्य वापत ११८०।०८२।३।२५ बाट रु.४,००,०००।- भुक्तानी दिएको छ। उपभोक्ता समितिलाई भुक्तानी दिदा ४ प्रतिशतले हुने कन्टेन्जेन्सी रकम कट्टा गरी भुक्तानि दिनु पर्नेमा पुरै भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | २०,००० |
|---|---|

४६.३ **बिल भरपाई** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले निम्न बमोजिमका फर्म तथा निर्माण व्यवसायि लाई भुक्तानी दिँदा सक्कल विल वेगर भुक्तानी गरेकोले मु अ कर समायोजन पेश गर्नुपर्ने रु.

| गो.भौ/ मिति | कामकोविवरण | भुक्तानीपाउनेको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| ८/ ०८१/ १२/ १० | निक्लेनी कुर्मि मोगारे सिचाई कुलो निर्माण | सिजालि ट्रेडर्स | ६४९९७ | बिजक नं १७ हातले लेखेको |
| १०/ ०८१/ १२/ १० | आपको रुखकुर्मि खोला कल्वर्ट निर्माण | सिजालि ट्रेडर्स | ४६५१२ | बिजक नं ११ र १६ हातले लेखेको |
| ९२२/ ०८२/ ०२/ २० | वडा नं १३का अधुरा सडक ग्रावेल | नेप विल्डर्स | ७५३६९ | विजक नं०१५ प्रतिलिपि विजक |
| **जम्मा** | | | **१८६८७८** | |

| प्रमाण पेश नगरेको | १,८६,८७८ |
|---|---|

४६.४ **बिल भरपाई:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले गो.भौ नं ७९/०८१/०८/०६ बाट अवलोकन

भ्रमण वापतको रकम वडा सचिव कृष्ण प्रसाद शर्मा लाई भुक्तानी गर्दा २०८१ कार्तिक २ देखि ६ गतेसम्म गाडि भाडा सम्झौता गरी भ्रमण अवधि भन्दा १ दिन बढीको भुक्तानी भएको रु.१४,४००/- सम्बन्धित बाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,४०० |

## ४७ सरकारी खर्च गर्ने कार्यविधि

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा मितव्ययी तरिकाले खर्चको मापदण्ड बमोजिम स्रोत साधनको उच्चतम प्रतिफलको उचित गुणस्तर हासिल हुनेगरी खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका शिर्षिकमा गरेको बजेट विनियोजनको रु.१,१८,३०,०००/- मध्ये रु.१,०८,२६,३५३/- खर्च गर्दा मितव्ययिता र गुणस्तर कायम हुनेगरी खर्च व्यवस्थापनलाई नीतिगत रुपमा सम्बोधन गरी मितव्ययिता हुने गरी व्यवस्था गर्नुपर्दछ।

| क्र.सं | खर्च शिर्षक नं | विषय | बजेट | खर्च | गतको खर्च | घटी/बढी प्रतिशत |
|---|---|---|---|---|---|---|
| २ | २२२१२ | ईन्धन | ३०००००० | २९८९००० | ३५००००० | -१७.१० |
| ३ | २२६१२ | भ्रमण र अनुगमन | १५००००० | १४४३००० | १९७४००० | -३६.८० |
| ४ | २२२१३ | मर्मत खर्च | २५००००० | २५००००० | ३५००००० | -४० |
| ५ | २२२४१ | बैठक भत्ता | ५१०००० | ५१०००० | ५००००० | १.९६ |
| ६ | २२७११ | विविध खर्च | ११३४८५४ | ११३४८५४ | १२००००० | -५.७४ |
| जम्मा | | | ८६४४८५४ | ८५७६८५४ | | |

## ४८ म्याद नाघेको पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाको यस आर्थिक वर्षको पेश्की रु.८८,१७०/- अन्त्यसम्म फर्स्यौट नभई बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्दछ।

| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | जम्मा बाँकी पेश्की | |
|---|---|---|---|---|---|---|
| | | | | | म्याद ननाघेको | म्याद नाघेको |
| १ | १९/०२/२०८२ | २५ | सिप परिक्षण व्यवस्थापन | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परीषद | | ८८१७० |
| **जम्मा** | | | | | | **८८१७०** |

| | |
|---|---|
| पेश्की | ८८,१७० |

## ४९ वितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष विभिन्न कार्यक्रम खर्च वापत रु.६,१८,७५०/- भुक्तानी गरेको छ।प्राप्त अनुदानको रकमलाई विभिन्न वितरणमुखी कार्यमा खर्च गर्नु प्रभावकारी देखिएन।यस्तो रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ ।

| गो.भौ.नंर मिति | विवरण | रकम |
|---|---|---|
| ११६/०८१/०७/०४ | तिज विशेषकार्यक्रम वडा नं १ | १००००० |
| १३७/०८१/०७/०६ | तिज विशेषकार्यक्रम वडा नं ११ | ६०००० |
| १०७६/०८२/०३/२३ | भट्टेचौरसामुदायिक होमस्टे- कछाड, भाग्रा, घलेक, लुर्गी, नरसिंहा वितरण | ९७७५० |
| ३१९/०८१/०९/०८ | वडा नं १३शैया मेला खर्च भुक्तानी | ३६००० |
| ४०१/०८१/१०/०९ | नेपाल मगरसंघ- माघि मेला खर्च | २२५००० |
| ४४१/०८१/१०/२८ | लोपउन्मुखसिमान्तकृत समाज नेपाल | १००००० |
| **जम्मा** | | **६१८७५०** |

५० **माईन्युट र भरपाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९(५) अनुसार खर्च लेख्दा बिल भरपाई संलग्न गरी खर्च लेख्नुपर्ने उल्लेख छ। पालिकाले बैठक भत्ता वापत तेजराज के.सी.लाई कर कट्टी गरी ९९८।०८२।३।१७ बाट रु ७२२५०। भुक्तानी दिएको छ। स्रेस्तासाथ बैठकको माईन्युट र बितरण भरपाई छैन। माईन्युट र बितरण भरपाई पेश हुनुपर्दछ अन्यथा उक्त रकम असुल हुनुपर्दछ रु.

| प्रमाण पेश नगरेको | ७२,२५० |
|---|---|

५१ **फरक भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(४) बमोजिम नेपाल सरकारबाट हुने सबै प्रकारको भुक्तानी सम्बन्धित व्यक्ति वा संस्थाको बैङ्क खातामा जम्मा हुने गरी गर्नु पर्नेछ उल्लेख छ । पालिकाले देहायको भुक्तानी गर्दा सम्बन्धित व्यक्ती तथा फर्म लाई नगरी फरक पार्टी लाई भुक्तानी गरेको देखिन्छ।यसरी फरक पार्टीलाई भुक्तानी भएको असुल गर्नुपर्ने रु.

| भौ.नं र मिति | भुक्तानी भएको व्यक्ती/ फर्म | भुक्तानी हुनुपर्ने व्यक्ती/ फर्म | रकम |
|---|---|---|---|
| ५५१/०८१/११/१३ | हाम्रो ट्रेडर्स | राम टेड्र्स | १८७५० |
| १५०/०८१/०७/११ | मनिसरा थापा | मनिस थापा | ४९०० |
| **जम्मा** | | | **२३६५०** |

| असुल गर्नुपर्ने | २३,६५० |
|---|---|

५२ **पदाधिकारी सुविधा**

कर्णाली प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन,२०७७ जारी गरेको छ ।उक्त ऐनमा भएको ब्यवस्था अनुसार यस पालिकाबाट आ.व. २०८१/८२ मा रु.१ करोड ४६ लाख ३८ हजार सुविधा वापत भुक्तानी भएको छ ।

| क्र.सं | विवरण | प्रमुख | उपप्रमुख | वडाअध्यक्ष १४ जना | कार्यपालिका ८ सदस्य जना | सभाका सदस्य ५१ जना | जम्मा ७५ जना |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ४२००० | ४२००० | ८४०००० | ३३६००० | २१४२००० | ३४०३००० |
| २ | टेलिफोन, मोबाइल | ३६००० | ३६००० | ५०४००० | १४४००० | ६१२००० | १३३२००० |
| ३ | पुस्तक, पत्रीका,ईन्टरनेट | ३६००० | ३६००० | ५०४००० | १४४००० | ६१२००० | १३३२००० |
| ४ | अतिथि सत्कार | ६०००० | ६०००० | ८४०००० | २४०००० | १५३०००० | २७३०००० |
| ५ | खानेपानी/ बिजुली | १०८००० | ८४००० | ३३६००० | १४४००० | ३०६००० | ९७८००० |
| ६ | चाडपर्व खर्च | १५००० | १५००० | २१०००० | १२०००० | ७६५००० | ११२५००० |
| ७ | अनुगमन | २१६००० | १६८००० | १३४४००० | ४८०००० | १५३०००० | ३७३८००० |
| **जम्मा** | | **५१३०००** | **४४१०००** | **४५७८०००** | **१६०८०००** | **७४९७०००** | **१४६३८०००** |

५३ **घर भाडा**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९४(१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय,जिल्ला समन्वय समिति र कोष तथा लेखा नियन्त्रक कार्यालयको सूचनापाटीमा कम्तिमा ७ दिनको सूचना टाँसगरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसार घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नं १२ कार्यालय र स्टोर संचालन लगायत अन्य कार्यका लागि घरभाडा वापत रु.११,३७,४२१/- भुक्तानी गरेकोँ पाईयो । घर भाडामा लिँदा घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा मात्र लिनुपर्दछ ।

५४ **शिक्षक दरवन्दी, पदपूर्ति र विद्यार्थी संख्या बिचको अनुपात**

शिक्षा नियमावली, २०५९(संसोधन सहित) को नियम ७७(१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमशः ५०, ४५ र ४० हुनुपर्ने व्यवस्था छ।कूल सामुदायिक विद्यालय भएकोमा समग्रमा विद्यार्थी हुँदा अनुपात १:२६ देखिन्छ।पालिका अन्तर्गतका ७२ विद्यालय मध्ये श्री जनसेवा मा.वि. सहारे बाहेक अन्यमा अनुपात पुगेको देखिदैन। शिक्षक विद्यार्थी मिलाउन र खर्चलाई उपलब्धीमुलक र प्रभावकारी वनाउन विद्यालय मर्जर र शिक्षक दरबन्दी मिलानको कार्य गर्नुपर्दछ । यस आ.व.मा पालिका अन्तर्गतका ७२ सामुदायिक विद्यालयहरुमा देहायको शिक्षक तथा विद्यार्थीहरु रहेका छनः

**(विस्तृत विवरण बेरूजु दफा ५४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५५ **स्यानिटरी प्याड**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन कार्यविधि आ.व. २०८१/८२ को क्रियाक्लाप नं. २.७.१३.२३ मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयका कक्षा ६-८ सम्म अध्ययनरत छात्रालाई वार्षिक १० महिना अवधीका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान दिने व्यवस्था छ। पालिकाले यस आ.व.मा पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुलाई सेनेटरी प्याड व्यवस्थापनका लागि पुर्ण सर्जिकल एण्ड केमिकल सप्लायर्ससँग ११,७५० थान स्यानिटरी प्याड प्रति थान रु. ८५ का दरले रु.९,९८,८६६।- (भ्याट सहित) खरिद गरेको छ।पालिकाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरि गुणस्तरीय स्यानिटरी प्याड खरिद गरी वितरण गर्नुपर्दछ र लामो समय भन्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले खरिद भएका स्यानिटरी प्याड तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परिक्षण गरेको नदेखिएकोले पालिकाले त्यसतर्फ ध्यान दिनुपर्दछ।

५६ **स्यानेटरी डिस्पोजल मेशिन खरिद**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि आ.व. २०८१/८२ को क्रियाक्लाप नं. २.७.१३.२३ मा स्यानेटरी प्याड खरिद गरि रकम बचत भएमा विद्यालयमा डिस्पोजल मेशिन नभएमा एक पटकका लागि मात्र खरिद गरी वितरण गर्न सकिने व्यवस्था छ। पालिकाले यस आ.व. प्रेममाया सर्जिकल एण्ड सप्लायर्ससँग रु. ४७,९००।– को दरले १० थान र शुभ सर्जिकल एण्ड केमिकल सप्लायर्ससँग रु.३०,०००।– को दरले १५ थान स्यानेटरी प्याड डिस्पोजल मेशिन रु.१०,४९,७७०।- मा खरिद गरेको छ। पालिकाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरि गुणस्तरीय र लामो समयसम्म प्रयोग गर्न सकिने स्यानिटरी प्याड डिसपोजल मेशिन खरिद गरी वर्षेपिच्छे एउटै विद्यालयलाई नदोहोरिने गरि वितरण गर्नुपर्दछ।

५७ **निःशुल्क पाठ्यपुस्तक अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि आ.व. २०८१/८२ को क्रियाक्लाप नं. २.४.६.२ मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयका विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान(स्थानीय विषय/ मातृभाषाको समेत) दिने व्यवस्था छ। यस आ.व.मा पालिका अन्तर्गत रहेको ७२ सामुदायिक विद्यालयलाई ५७ लाख ०४ हजार ५३० रकम निकासा गरेको छ ।पालिकाबाट विद्यालयलाई निकासा हुने पाठ्यपुस्तक अनुदान कक्षा १-१२ सम्मका विद्यार्थी संख्यालाई EMIS को तथ्याङ्कसँग सत्यापन गरि पाठ्यक्रम विकास केन्द्रको स्वीकृत दररेटमा रकम निकासा वितरणको सुनिश्चितता गर्न विद्यार्थीको आकस्मिक शीर गणना,परीक्षामा सामेली संख्या र नतिजामा सहभागीता संख्या एकिन गरी पाठ्यपुस्तक वितरणको भरपाईको आधारमा रकम निकासा गर्नुपर्दछ।

५८ **दिवा खाजा अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि आ.व. २०८१/८२ को क्रियाक्लाप नं. २.७.११.१ मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा अध्ययनरत बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीहरुको IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गराई विद्यार्थी संख्या र हाजिरि यकिन गरी स्थानीय तहले प्रति विद्यार्थी रु.१५ का दरले १८० दिनको हिसाव गरि अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ।यस वर्ष पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा पालिका अन्तर्गतका ७२ वटा विद्यालयलाई वर्षभरिमा रु.१ करोड १० लाख ७ हजार ६३३ जम्मा निकासा गरेको छ।पालिकाबाट विद्यालयलाई निकासा भएको दिवा खाजा वितरणको सुनिश्चितता गर्न विद्यालयको आकस्मिक शीर गणना,परीक्षामा सामेली संख्या र नतिजामा सहभागीता संख्या एकिन गरी सत्यापन गरेको प्रमाण राखी विद्यालयहरुलाई अनुदान रकम निकासा गर्नतर्फ पालिकाले ध्यान दिनुपर्छ।

५९ **शिर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय तथा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ ।पालिकाले पुर्ण बहादुर घर्तीलाई दैनिक भ्रमण भत्ता वापत रु. २६,०००/- स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पतालन तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलब महंगी भत्ता र पोषाक भत्ता शिर्षकबाट भुक्तानी गरेको देखिन्छ।उक्त रकम संघिय संञ्चित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,००० |

६० **प्रति विद्यार्थी लागत अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि आ.व. २०८१/८२ को क्रियाक्लाप नं. २.७.१३.५० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयलाई प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थाका लागि प्रारम्भिक बाल विकासलाई प्रति विद्यार्थी वार्षिक रु.५००, कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको पोर्टफोलियो समेत प्रति विद्यार्थी वार्षिक रु. १००, कक्षा १-५ लाई रु. १५०, कक्षा ६-८ लाई रु. २००, कक्षा ९-१० लाई रु. २००, प्राविधिक धार कक्षा ९-१२ लाई रु. १५ हजार र कक्षा ११-१२ लाई रु. २५० का दरले दिने व्यवस्था छ।पालिकाले यस वर्ष IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा पालिका अन्तर्गतका सम्पुर्ण ७२ विद्यालयलाई १८ लाख ३४ हजार ७०० निकासा

गरेको छ । पालिकाबाट विद्यालयलाई निकासा भएको उक्त अनुदान रकम सुनिश्चितता गर्न विद्यार्थीको आकस्मिक शीर गणना,परीक्षामा सामेली संख्या र नतिजामा सहभागीता संख्या एकिन गरी सत्यापन गरेको प्रमाण नराखी भुक्तानी गरेको पाइयो।तसर्थ पालिकाले विद्यालयलाई अनुदान रकम निकासा गर्दा IEMIS मा प्रविष्टि भएको तथ्याङ्क, आकस्मिक शीर गणना,परीक्षामा सामेली संख्या र नतिजामा सहभागीता संख्यासँग सत्यापन गरि निकासा दिन तर्फ ध्यान दिनुपर्छ।

६१ **न्यानो झोला खरिद**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ।यस आ.व.मा पालिका अन्तर्गतका ७ वटा बर्थिङ्ग सेन्टरमा २२० प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकामा अघिल्लो आ.व.को न्यानो झोला २२० थान मौज्दात रहेको र यस आ.व.मा न्यानो झोला खरिद गरेको श्रेस्ताबाट देखिदैन ।खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

६२ **विद्यालयको अनुगमन नियमन व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आधारभुत देखि माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था छ।यस पालिका अन्तर्गत ३ सामुदायिक सिकाई केन्द्र र ७२ विद्यालय रहेको छ।पालिका अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि मापदन्ड तयार गरि कार्यान्वयन गर्नुपर्नेमा सो गरेको पाइएन जसबाट विद्यालयहरुको शैक्षिक गुणस्तर तथा अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन तथा नियमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

६३ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्‍याउने तथा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम अन्तर्गत पालिकामा १० वटा योजना सञ्चालन गरी श्रमिक ज्याला खर्च रु.४७,०६,५५४/- र सामाग्री खरिद रु.१,९३,४७१/- समेत रु.४९,००,०२५/- खर्च गरेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को अनुसूची-३ मा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम एक सय दिनको रोजगारी उपलब्ध गराउनुपर्ने व्यवस्था भएपनि पालिका अन्तर्गत छनोट भएका योजनामा अधिकतम १०० र न्यूनतम ४२ दिन रोजगार पाएतापनि सुचिकृत भएका ५१६ व्यक्ति मध्ये ७१ जना बाहेक ४४५ जनाले सय दिनको रोजगार प्राप्त गरेको देखिदैन।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

६४ **मुख्यमन्त्री रोजगार कार्यक्रम**

कर्णाली प्रदेशभित्र कामको सृजना गरी बेरोजगार युवालाई रोजगारी दिने उद्धेश्यले मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ जारी भई मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यविधि, २०७८ बमोजिम पालिकामा १४ वटा योजना सञ्चालनमा विनियोजित रु. २ करोड १० लाख मध्ये रु. २ करोड ६ लाख १४ हजार खर्च भएको छ । सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः

**रोजगारी स्थिति :** मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को परिच्छेद-३ (६) मा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा खर्च गरी श्रमिकको बैंक खातामा निकासा गर्नुपर्ने व्यवस्था छ। कार्यक्रममा छनोट भएका प्रतिवडा १ आयोजनाका दरले ६ वटा कार्यक्रममा श्रमिक ज्याला रु.१,१५,४८,५००।–तथा सामाग्री खरिदमा रु.८९,३४,३५७।– खर्च भएको छ । पालिका अन्तर्गत मुख्यमन्त्री रोजगगार कार्यक्रम अन्तर्गत छनौट भएका १४ वटा कार्यक्रम तथा योजना सम्पन्न गर्न सुचिकृत भएका २१५ जना श्रमिकले रोजगारी प्राप्त गरेका छन् । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

६५ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण तथा लगत कट्टा तोकिएको मिति भित्रै अनिवार्य रुपमा गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ।यो वर्ष पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण शिर्षकवाट रु. १९,८८,१९,१३३/- खर्च गरेकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सोझै लाभग्राहीको खातामा जम्मा हुने गरी इएफटि मार्फत भुक्तानी गरेको छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन् ।

६५.१ **सामाजिक सुरक्षा भत्ता वितरण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २२ अनुसार अनुसूची १० बमोजिमको ढाँचामा पालिकाले वैङ्क सँग सम्झौता गरी पालिकामा रहेकोमा १४ वडाहरुको सामाजिक सुरक्षा भत्ता राष्ट्रिय वाणिज्य बैंक, कुमारी बैंक, ग्लोबल आई.एम.ई बैंक र साग्रीला डेभलपमेन्ट बैंकबाट वितरण गराउदै आएको छ। पालिकाबाट तयार गरेको फरवार्ड फिड अनुसार यस वर्ष जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, एकल महिला, विधवा, पूर्ण अपाङ्ग, अतिअसक्त अपाङ्ग, वालपोषण दलित बर्गमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि बैंकलाई पठाएको तथ्याङ्क देहाय अनुसार छ ।

| लाभग्राहीको प्रकार | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथोत्रैमासिक | | जम्मा खर्च रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | खर्च रकम | संख्या | खर्च रकम | संख्या | खर्च रकम | संख्या | खर्च रकम | |
| अन्यजेष्ठ नागरिक भत्ता | २४८३ | २९४९७१८० | २४८३ | २९४९७१८० | २५१० | २९९४६०२६ | २५६५ | ३०६०४९५८ | **११९५४५३४४** |
| जेष्ठनगरिक भत्ता दलित | ६५४ | ५१६५७२० | ६६१ | ५२४५५२० | ६८३ | ५३६५९३० | ६७५ | ५३०६७०० | **२१०८३८७०** |
| जेष्ठनगरिक एकल महिला | २७७ | २२०२४८० | २६९ | २१४३९६० | २७० | २१४४०४९ | २४९ | १९६५२०८ | **८४५५६९७** |
| विधवा | ७७३ | ६१२८६४० | ७८६ | ६२५०२०२ | ८११ | ६४१८५८० | ८२५ | ६५३८२८० | **२५३३५७०२** |
| पूर्णअपाङ्ग भत्ता | ९३ | १०८२८८६ | ९७ | ११३७६२९ | १०० | ११८९०२० | १०३ | १२२४८७० | **४६३४४०५** |
| अति असक्तअपाङ्ग भत्ता | २४२ | १५१९३९२ | २५० | १५६१९५२ | २६६ | १६५९८४० | २७२ | १७३४३२० | **६४७५५०४** |
| दलितबालबालिका | १४१९ | २१८६५३९ | १४९१ | २२८५५२१ | १५२१ | २३४०८५८ | १५३५ | २३६९९८३ | **९१८२९०१** |
| लोपन्मुखजाति | ८५ | १०१७४५० | ८५ | १०१३४६० | ८७ | १०३३४१० | ८७ | १०४१३९० | **४१०५७१०** |
| **जम्मा** | **६०२६** | **४८८००२८७** | **६१२२** | **४९१३५४२४** | **६२४८** | **५००९७७१३** | **६३११** | **५०७८५७०९** | **१९८८१९१३३** |

६५.२ **लगत कट्टाको अभिलेख -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले

भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा मुल अभिलेख खाता र आर्थिक वर्ष २०८१।८२ को लगत कट्टाको विवरण माग भएकोमा मृत्यु भएका, वसाईसराई भए गएका तथा आएका नागरिकहरुको अभिलेख प्रणालीमा जनाएको विवरण मात्र तयार गरेको छ।पालिकाले मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख नभएकाले कार्यविधिको बुँदा नं. १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी एकीन गर्न सकिएन। आगामी दिनमा पालिकाले कार्यविधिको पालना गर्दै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण अध्यावधिक गरी भत्ता वितरण गर्नुपर्दछ।

६५.३ **पारदर्शिता र जवाफदेहिता -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धि सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धीत स्थानीय तहको वेभसाइटमा राख्नुपर्नेमा सो पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकीन हुने अवस्था देखिएन। कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नेगराउने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

६५.४ **एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुदा नं. २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। पालिकाले वैङ्क मार्फत उक्त विवरण प्राप्त गरी लाभग्राहीको विवरण र अवस्थाको एकिन गरेको छैन। कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी लाभग्राही विवरण अद्यावधिक गर्नुपर्दछ ।

६५.५ **सार्वजनिक सुनुवाई -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं ३४ मा स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनुवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।आगामी दिनमा कार्यविधिको पालना गरी भत्ता वितरण गर्नुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : गुर्भाकोट नगरपालिका, सुर्खेत , गुर्भाकोट नगरपालिका , सुर्खेत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | पूर्ण वहादुर खत्री | २०८०-३-६ | २०८१-६-१० |
| कार्यालय प्रमुख | धर्मराज न्यौपाने | २०८१-६-१६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३६२,९३८ | १०,९८६,६४७ | ४४६,७०८ | ० | ० | ८८,१७० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ११,८८४,४६३ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ११,८८४,४६३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६१३९९३०१.३३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४७३५६९३६१.१२ | चालु खर्च | ४६९०८७९४४.०५ |
| प्रदेश सरकारबाट अनुदान | ७६१२९५५१ | पूँजीगत खर्च | १८७३२८८७५ |
| राजश्व बाँडफाँट | १२५२०७०९६.५३ | वित्तीय/अन्य व्यवस्था | २६०४९३९२४.९३ |
| आन्तरिक आय | १८९११०७५ | | |
| अन्य आय | २२३७८६३०४.३४ | | |
| कुल आय | ९१७६०३३८७.९९ | कुल खर्च | ९१६९१०७४३.९८ |
| बाँकी मौज्दात | | ६२०९१९४५.३४ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | **राजस्व अनुदान र अन्य प्राप्ति** | | | | |
| ११००० | कर | १४००४२४८०.८ | १४००४२४८०.८ | १३८६४०९०३.५८ | १३८६४०९०३.५८ |
| १३००० | अनुदान | ४९६८२०४०४.६९ | ४९६८२०४०४.६९ | ५३०१६०६८६.४९ | ५३०१६०६८६.४९ |
| १४००० | अन्य राजस्व | १२७०६५२३.६१ | १२७०६५२३.६१ | १२८६६६३४.३३ | १२८६६६३४.३३ |
| १५००० | विविध प्राप्ति | १८६१२४९.०४ | १८६१२४९.०४ | ६६६००० | ६६६००० |
| **क** | **कुल जम्मा प्राप्ति** | **६५१४३०६५८.१४** | **६५१४३०६५८.१४** | **६८२३३४२२४.४** | **६८२३३४२२४.४** |
| २ | चालु | ४६९०८७९४४.०५ | ४६९०८७९४४.०५ | ४५१४५३०६२.१३ | ४५१४५३०६२.१३ |
| २१००० | पारिश्रमिक / सुविधा | ४२९९५२९९.७६ | ४२९९५२९९.७६ | २७४७६२०४९.१९ | २७४७६२०४९.१९ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ९६८८१३९९.६ | ९६८८१३९९.६ | ७९३५९०२६.२८ | ७९३५९०२६.२८ |
| २६००० | अनुदान | ३२०२७७२८९.६९ | ३२०२७७२८९.६९ | ९४०८९११६.०१ | ९४०८९११६.०१ |
| २७००० | सामाजिक सुरक्षा | ३५८०३५१ | ३५८०३५१ | १६९१७००.६५ | १६९१७००.६५ |
| २८००० | अन्य खर्च | ५३५३६०४ | ५३५३६०४ | १५५११७० | १५५११७० |
| ४ | पूंजीगत | १८७३२८८७५ | १८७३२८८७५ | २३८२२०४५० | २३८२२०४५० |
| ३१११० | भवन तथा संरचना | ९९६४६११ | ९९६४६११ | ३५३१६९६१ | ३५३१६९६१ |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | १४१२०१०६ | १४१२०१०६. | १३८६१८९ | १३८६१८९ |
| ३११३० | अन्य पूँजीगत खर्च | २२०५९९८७ | २२०५९९८७. | ५९७७७१२८ | ५९७७७१२८ |
| ३११४० | सुरक्षा उपकरण | ० | ० | १५९३८३२ | १५९३८३२ |
| ३११५० | सार्वजनिक निर्माण | १२७८५८७२३ | १२७८५८७२३ | ११३२४०४६९ | ११३२४०४६९ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ५२२५०० | ५२२५०० | २८५७५० | २८५७५० |
| ३११७० | पूँजीगत सुधार खर्च | १२८०२९४८ | १२८०२९४८ | १७२३४२९० | १७२३४२९० |
| ३१४१० | जग्गाप्राप्ति खर्च | ० | ० | ९३८५८३१ | ९३८५८३१ |
| **ख)** | **कुल जम्मा भुक्तानी** | **६५६४१६८१९.०५** | **६५६४१६८१९.०५** | **६८९६७३५१२.१३** | **६८९६७३५१२.१३** |
| ग) | **बचत /कमी (ग = क-ख )** | -४९८६१६०.९१ | -४९८६१६०.९१ | -७३३९२८७.७३ | -७३३९२८७.७३ |
| घ) | **धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)** | १५६६२४०५.६१ | १५६६२४०५.६१ | -४९४९४७.४१ | -४९४९४७.४१ |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | ३०५७६ | ३०५७६ | -१५४३५३ | -१५४३५३ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ) | १०६७६२४४.७ | १०६७६२४४.७ | -७८३४२३५.१४ | -७८३४२३५.१४ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ७५१२९१९७.५६ | ७५१२९१९७.५६ | ८२९६३४३२.७ | ८२९६३४३२.७ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ८५८०५४४२.२६ | ८५८०५४४२.२६ | ७५१२९१९७.५६ | ७५१२९१९७.५६ |

## बेरूजु दफा ५४ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.सं. | विद्यालयको नाम | स्थायी शिक्षक | करार राहत शिक्षक | उच्च मा.वि करार राहत शिक्षक | संघीय अनुदान शिक्षक | कृषि प्राविधिक | पालिका अनुदान/ बैकल्पिक शिक्षक | जम्मा शिक्षक | पदपूर्ति भएका शिक्षक | विद्यार्थी १–१२ संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री ने.रा.आ.वि. राम्रीकाडा | ४ | २ | ० | ० | ० | १ | ७ | ७ | ८९ | १:१३ |
| २ | श्री ने.रा.प्रा.वि. तुसारेपानी | १ | ० | ० | ० | ० | १ | २ | २ | १५ | १:८ |
| ३ | श्री जनज्योती प्रा.वि. काल्चे | १ | १ | ० | ० | ० | १ | ३ | ३ | ५० | १:१३ |
| ४ | श्री ज्ञानन्योती प्रा.वि. फुलफुले | ० | ० | ० | ० | ० | १ | ० | ० | ७ | १:७ |
| ५ | श्री ने.रा.प्रा.वि. फलाटे | २ | ० | ० | ० | ० | ० | २ | २ | २१ | १:११ |
| ६ | श्री ने.रा.आ.वि रपट | ६ | ० | ० | १ | ० | ० | ७ | ७ | १०८ | १:१५ |
| ७ | श्री जनज्ञान भण्डार मा.वि. कोटखोला | १४ | १ | २ | ० | ० | १ | १८ | १८ | ७५६ | १:४२ |
| ८ | श्री आत्मज्ञान प्रा.वि. पल्लोमालारानी | १ | ० | ० | ० | ० | ० | १ | १ | ११ | १:११ |
| ९ | श्री जनकल्याण प्रा.वि. खोलाढाव | २ | १ | ० | ० | ० | ० | ३ | ३ | ३० | १:१० |
| १० | श्री ने.रा.प्रा.वि. दर्खासे | २ | २ | ० | ० | ० | ० | ४ | ४ | १०७ | १:२७ |
| ११ | श्री कालिका मा.वि. नादे | ४ | ३ | ० | २ | १ | १ | १० | १० | २५३ | १:२५ |
| १२ | श्री ने.रा.प्रा.वि. जुरीचुला | २ | ० | ० | ० | ० | ० | २ | २ | २६ | १:१३ |
| १३ | श्री ने.रा.प्रा.वि. पिपलचौतारा | ० | १ | ० | ० | ० | ० | १ | १ | ८ | १:८ |
| १४ | श्री ने.रा.प्रा.वि. बथानडाण्डा | १ | १ | ० | ० | ० | ० | २ | २ | ३३ | १:१७ |
| १५ | श्री ने.रा.आ.वि. लामिडाडा | ३ | १ | ० | ० | ० | ३ | ७ | ७ | ८९ | १:१३ |
| १६ | श्री सरस्वती ने.रा.प्रा.वि. डोव | ३ | ० | ० | ० | ० | १ | ४ | ४ | ३८ | १:१० |
| १७ | श्री भगवती आ.वि. धारापानी | २ | १ | ० | २ | ० | १ | ६ | ६ | १५२ | १:२५ |
| १८ | श्री गगादेवी प्रा.वि. अवलकुरिल्ले | ० | १ | ० | ० | ० | ० | १ | १ | १० | १:१० |
| १९ | श्री लक्ष्मी प्रा.वि सिमलगैरा | ० | ० | ० | ० | ० | २ | ० | ० | ३७ | १:१८ |
| २० | श्री मालिका प्रा.वि. कोटमाझखर्क | ३ | ० | ० | ० | ० | ० | ३ | ३ | ५१ | १:१७ |
| २१ | श्री शिव प्रा.वि. आपखोली | ३ | ० | ० | ० | ० | ० | ३ | ३ | ३९ | १:१३ |
| २२ | श्री ने.रा.प्रा.वि. पोखरा | २ | १ | ० | ० | ० | ० | ३ | ३ | ६५ | १:२२ |
| २३ | श्री जनसेवा आ.वि. सहारे | ११ | ० | ० | ० | ० | ० | ११ | ११ | ३१४ | १:२९ |
| २४ | श्री ने.रा.आ.वि. थग्लेनी | ५ | १ | ० | १ | ० | ० | ७ | ७ | १४३ | १:२० |
| २५ | श्री लक्ष्मी आ.वि. अखले | ५ | १ | ० | १ | ० | ० | ७ | ७ | १६६ | १:२४ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २६ | श्री सरस्वती ने.रा.प्रा.वि. निग्लेनी | २ | १ | ० | ० | ० | ० | ३ | ३ | ४६ | १:१५ |
| २७ | श्री श्रृजना प्रा.वि. फाटवेतेनी | १ | २ | ० | ० | ० | १ | ४ | ४ | ८२ | १:२१ |
| २८ | श्री सुर्य जन प्रवित्र प्रा.वि. सौर | ० | १ | ० | ० | ० | ० | १ | १ | १५ | १:१५ |
| २९ | श्री ने.रा.मा.वि. वडाखोली | १३ | ३ | ५ | ० | ६ | ० | २७ | २७ | ११०८ | १:४१ |
| ३० | श्री ने.रा.आ.वि. सोत्तरखोली | ३ | ३ | ० | ० | ० | १ | ७ | ७ | १२५ | १:१८ |
| ३१ | श्री ने.रा.प्रा.वि. पिपलचौतारा लेकवडाखोली | २ | १ | ० | ० | ० | ० | ३ | ३ | ३२ | १:११ |
| ३२ | श्री ने.रा.प्रा.वि. केरेनी | ० | २ | ० | ० | ० | ० | २ | २ | ३० | १:१५ |
| ३३ | श्री जनसेवा प्रा.वि. नक्कले | १ | १ | ० | ० | ० | ० | २ | २ | ५२ | १:२६ |
| ३४ | श्री रामचन्द्र प्रा.वि. तोरीवारी | ० | २ | ० | ० | ० | १ | ३ | ३ | ८३ | १:२८ |
| ३५ | श्री ने.रा.मा.वि. कोप्ची | ७ | २ | ० | ३ | ० | ० | १२ | १२ | ३८६ | १:३२ |
| ३६ | श्री सृजना प्रा.वि. श्रीवानी | २ | ० | ० | ० | ० | १ | ३ | ३ | ६३ | १:२१ |
| ३७ | श्री ज्ञानज्योती प्रा.वि. | १ | १ | ० | ० | ० | ० | २ | २ | ३१ | १:१६ |
| ३८ | श्री सरस्वती आ.वि. घारीमेहेलकुना | ३ | ३ | ० | ० | ० | ० | ६ | ६ | १६० | १:२७ |
| ३९ | श्री विद्यासागर प्रा.वि. सुगुरखाली | २ | १ | ० | ० | ० | ० | ३ | ३ | ७० | १:२३ |
| ४० | श्री सुर्यज्योती मा.वि. मेहेलकुना | १६ | ० | ३ | १ | ० | ० | २० | २० | ८७५ | १:४४ |
| ४१ | श्री ने.रा.आ.वि. भालुखोला | ६ | १ | ० | १ | ० | ० | ८ | ८ | १८५ | १:२३ |
| ४१ | श्री ने.रा.प्रा.वि. भुल्के | ३ | ० | ० | ० | ० | ० | ३ | ३ | ६४ | १:२१ |
| ४३ | श्री भगवती प्रा.वि. नादेकोट | ० | ० | ० | ० | ० | १ | ० | ० | ११ | १:११ |
| ४४ | श्री सरस्वती मा.वि. सिमघाट | ३ | ५ | ० | २ | ० | ० | १० | १० | २९६ | १:२९ |
| ४५ | श्री ने.रा.प्रा.वि. दाप्चा | १ | १ | ० | ० | ० | ० | २ | २ | ४२ | १:२१ |
| ४६ | श्री जनसेवा मा.वि. सहारे | ५ | ० | २ | ० | ० | ० | ७ | ७ | ६९९ | १:७८ |
| ४७ | श्री भेरी मा.वि. घुमखहरे | १४ | १ | २ | ० | ० | ० | १७ | १७ | ३७० | १:२२ |
| ४८ | श्री ने.रा.आ.वि. डाफेभेडावारी | ५ | १ | ० | १ | ० | ० | ७ | ७ | १३६ | १:१९ |
| ४९ | श्री ने.रा.प्रा.वि. हनिमान | २ | ० | ० | ० | ० | ० | २ | २ | ३० | १:१५ |
| ५० | श्री ने.रा.प्रा.वि. नारङ्गेमसेरी | ३ | ० | ० | ० | ० | ० | ३ | ३ | ३४ | १:११ |
| ५१ | श्री राधाकृष्ण प्रा.वि. ठिग्नीगाउ | २ | १ | ० | ० | ० | ० | ३ | ३ | ४८ | १:१६ |
| ५२ | श्री ने.रा.प्रा.वि. अवलसुर्मा | ० | १ | ० | ० | ० | ० | १ | १ | ११ | १:११ |
| ५३ | श्री सुर्यज्योती आ.वि. आपगैरा | ३ | १ | ० | १ | ० | १ | ६ | ६ | ६६ | १:११ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५४ | श्री जनसेवा प्रा.वि. वर्मागर | १ | ० | ० | ० | ० | ० | १ | १ | २१ | १:२१ |
| ५५ | श्री ने.रा.प्रा.वि. भित्रीखोला | ३ | ० | ० | ० | ० | ० | ३ | ३ | २५ | १:८ |
| ५६ | श्री जनसेवा प्रा.वि. पिङडाडा | १ | ० | ० | ० | ० | ० | १ | १ | ५ | १:५ |
| ५७ | श्री ने.रा.मा.वि. ज्यामिरे | ७ | ३ | ० | २ | ० | ० | १२ | १२ | २९८ | १:२५ |
| ५८ | श्री जनता प्रा.वि. शुभघाट | ३ | ० | ० | ० | ० | ० | ३ | ३ | ४९ | १:१६ |
| ५९ | श्री कुमार ने.रा.प्रा.वि. पिपलटाकुरा | ३ | ० | ० | ० | ० | ० | ३ | ३ | २९ | १:१० |
| ६० | श्री सरस्वती प्रा.वि. राइके | ३ | ० | ० | ० | ० | ० | ३ | ३ | ४६ | १:१५ |
| ६१ | श्री ने.रा.आ.वि. ड्वाङड्वागे | १ | १ | ० | ० | ० | ० | २ | २ | २५ | १:१३ |
| ६२ | श्री ने.रा.प्रा.वि. सिमले दहचौर | ० | १ | ० | ० | ० | ० | १ | १ | १७ | १:१७ |
| ६३ | श्री सुर्यज्पोती प्रा.वि. टाटी | १ | ० | ० | ० | ० | ० | १ | १ | १३ | १:१३ |
| ६४ | श्री कालिका प्रा.वि. भम्का | १ | ० | ० | ० | ० | ० | १ | १ | १० | १:१० |
| ६५ | श्री ने.रा.आ.वि. नयागाउ | ७ | ३ | ० | ० | ० | १ | ११ | ११ | २२६ | १:२१ |
| ६६ | श्री आनन्द मा.वि. गुमी | १७ | १ | ३ | ० | ० | ० | २१ | २१ | ६०३ | १:२९ |
| ६७ | श्री ने.रा.आ.वि. पण्डितकान्ला | ६ | ० | ० | १ | ० | ० | ७ | ७ | १२१ | १:१७ |
| ६८ | श्री ने.रा.प्रा.वि. अम्वापुर | ३ | ० | ० | ० | ० | ० | ३ | ३ | ३५ | १:१३ |
| ६९ | श्री जनसयुत्त आ.वि. कृष्णनगर | ४ | २ | ० | १ | ० | २ | ९ | ९ | २५५ | १:२८ |
| ७० | श्री चन्द्रज्योती प्रा.वि. नेप्टेकाडा | १ | ० | ० | ० | ० | ० | १ | १ | ७ | १:७ |
| ७१ | श्री ने.रा.शिव प्रा.वि. भर्लेनी | ३ | ० | ० | ० | ० | ० | ३ | ३ | ३५ | १:१२ |
| ७२ | श्री पर्वत प्रा.वि. घुयलपानी | ० | ० | ० | ० | ० | १ | ० | ० | १२ | १:१२ |
| **जम्मा** | | **२४२** | **६४** | **१७** | **२०** | **७** | **२३** | **३७३** | **३७३** | **९६००** | **१:२६** |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ । म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ । स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।